लगानी निरुत्साहित हुने गतिविधि नगर्न आग्रह | पृष्ठ ३ मा

जनकपुर टुडेको सम्पर्क नं. ९८५४०२६०२५, ९८०१६२६०२६, ०४१-५९११०१
विज्ञापनको लागि मात्र
jtodaynews@gmail.com

छिटो र सर्वाधिक बिक्री हुने
मधेशको पहिलो 'क' वर्गको राष्ट्रिय दैनिक
# जनकपुर टुडे
Janakpur Today Daily
www.ejanakpurtoday.com



वर्ष २६ • अंक १६७ • २०८१ साल कार्तिक २८ गते बुधबार (13 November, Wednesday, 2024) • पृष्ठ ८ • मूल्य रु. ५।-

## जनमतका चौरसिया पक्राउ



**टुडे समाचारदाता**

गौर । जिल्ला प्रशासन कार्यालय रौतहटका प्रशासकीय अधिकृतलाई गालीगलौज गरेको अभियोगमा जनमत पार्टीका नेता बताउने बिरेस चौरसियालाई मंगलबार पक्राउ गरिएको छ ।

परोहा नगरपालिका वडा नं ८ स्थित मोतिपुरका पुकार चौरसियाका छोरा बिरेस भन्ने रितेश चौरसियालाई जिल्ला प्रशासन कार्यालय रौतहटले पक्राउ गरी जिल्ला प्रहरी कार्यालय रौतहटको थुनामा पठाएको छ ।

चौरसियाले जिप्रका रौतहटका शाखा अधिकृत ओमप्रकाश यादवलाई नागरिकता बनाउने विषयमा अपशब्द प्रयोग गरेका थिए ।

उनले आफू जनमत पार्टीको नेता तथा पूर्वप्रदेश मन्त्री बसन्त कुशवाहाको स्वकीय सचिव रहेको बताउँदै अधिकृत यादवलाई धाकधम्की र गालीगलौज गरेकाले पक्राउ गरिएको जिप्रका रौतहटले जनाएको छ ।

नागरिकताका लागि आवश्यक कागजात नपुर्‍याई जबर्जस्ती नागरिकता बनाउन खोजेपछि यादवले अस्विकार गरेका थिए । त्यसपछि चौरसियाले अपशब्द प्रयोग गर्दै नागरिकताका लागि दबाब दिएपछि पक्राउ गरिएको बताइएको छ ।

## रौतहटको ३ वडामा चुनाव

# गढीमाई नगरपालिकामा जसपालाई प्रतिष्ठा जोगाउन चुनौती

**दिलीप पाण्डेय**

गौर । मधेश प्रदेशमा रौतहट जिल्लाको ३ वटा पालिकाको ३ वटा वडामा उपनिर्वाचन हुँदैछ । मधेश प्रदेशमा कुल ७ वटा वडामा अध्यक्षका लागि उपचुनाव भइरहेको छ ।

रौतहट जिल्लाको गढीमाई नगरपालिकाको वडा नम्बर ८, इशनाथ नगरपालिकाको ७ र राजपुर फरहदवाको वडा नम्बर ६ मा वडा अध्यक्षको चुनाव मंसिर १६ गते हुनेछ ।

चुनावको तिथि नजिकिएसँगै राजनीतिक दलहरुले उम्मेदवारको छनोट गर्नेदेखि सभा गर्नेमा नेताहरु लागेका छन् । निर्वाचित वडा अध्यक्षको मृत्यु भएको कारण वडामा उपचुनाव हुन लागेको छ । रौतहटको गढीमाई नगरपालिकाको वडा नम्बर ८ को उपचुनावमा जनता समाजवादी पार्टी (जसपा) नेपालले उम्मेदवार बनाउन नेपाली कांग्रेसका एकजना युवा सन्देश यादवलाई पार्टीमा भित्र्याएको छ ।

स्थानीय तहको निर्वाचनमा वडा अध्यक्ष सहित सबै ४ जना सदस्यसमेत जसपाले जितेको थियो । तर वडा अध्यक्ष रामाध्या प्रसाद यादवको मृत्यु भएपछि हुन लागेको उपचुनावमा प्रतिष्ठा जोगाउन जसपालाई चुनौती छ ।

जसपा नेपालले कांग्रेसबाट पार्टीमा प्रवेश गराएका सन्देश यादवलाई नै उम्मेदवार बनाउने निश्चित छ । उनलाई पार्टीमा प्रवेश गराउन जसपा नेपालका अध्यक्ष उपेन्द्र यादव दुई जना पूर्व मुख्यमन्त्री लालबाबु राउत र सरोजकुमार यादव सहित पुगेका थिए ।

यादव सोमबार जसपा नेपालमा प्रवेश गरेको र उनलाई नै उम्मेदवार बनाइने मधेश प्रदेशका पूर्व राज्यमन्त्री समेत रहेका जसपा नेपालका केन्द्रीय सदस्य योगेन्द्र यादवले जनाए । 'सन्देश यादव प्रभावशाली युवा नेता रहेकाले उनी नै चुनाव जित्ने पक्का छ ' यादवले भने, विगतमा सबै सिट जसपाले जितेको वडा रहेकाले भारी मतले सन्देश यादव जित्ने छन् ।

तर जसपा नेपालबाट वडाअध्यक्षमा निर्वाचित यादवकी पत्नी ज्युति देवी नेकपा एमालेमा प्रवेश गरिसकेकी छन् । पतिको निधन भएपछि जसपा नेपालका नेताहरुले बेवास्ता गरेपछि पार्टी छाडेकी बताउने ज्युति देवी एमालेकाबाट वडा अध्यक्षको उम्मेदवार रहेकी छन् । एमालेले उनलाई वडाअध्यक्षको उम्मेदवार बनाउने वाचा गरेर पार्टी प्रवेश गराएको थिए ।

ज्युति देवी मृतक वडा अध्यक्षकी विधवा रहेकीले सहानुभूति पाएर जित्नेमा एमालेका नेताहरु ढुक्क छन् । वडा अध्यक्षमा यादव पार्टीको भन्दा आफ्नो व्यक्तिगत प्रभावको कारण निर्वाचित भएकाले उनको सहानुभूति ज्युति देवीसित रहेको दावी एमालेको छ ।

जसपा नेपाल र एमालेले उम्मेदवारको सार्वजनिक घोषणा गरिसकेपनि अन्य दलहरुले औपचारिक रुपमा उम्मेदवारको चयन गरिसकेको छैन । यद्यपि नेकपा एसले प्रमोद यादवलाई उम्मेदवार बनाउने निश्चित छ । प्रमोद यादवले चुनावको टिकट पाउने विश्वासका साथ मैदानमा उत्रिसकेका छन् । नेकपा एसका अध्यक्ष माधवकुमार नेपालको संसदीय निर्वाचन क्षेत्र समेत रहेकाले उनले आफ्ना उम्मेदवारलाई निर्वाचित बनाउन हरसम्भव प्रयास गरिरहेका छन् ।

नेता नेपालको निकट मानिने प्रमोद यादवले नै चुनाव लडने नेकपा एसका नेताहरुले बताउन थालेका छन् । तर औपचारिक रुपमा उम्मेदवारको घोषणा गरिएको छैन ।

गढीमाई नगरपालिकाको वडा नम्बर ८ को उपचुनावलाई नेताहरुले प्रतिष्ठाको विषय बनाएका छन् । उनीहरुले जसरी पनि चुनाव जित्ने विश्वास कार्यकर्तालाई दिलाउँदै परिचालन गरेका छन् ।

नेपाली कांग्रेस मधेश प्रदेशका सभापति समेत रहेका संसदीय दलका नेता एवं पूर्व प्रदेश मन्त्री कृष्णा यादवको पनि गृह वडा नम्बर ८ नै हो । कांग्रेसले सुबोध यादवलाई उम्मेदवार बनाउने निश्चित छ । औपचारिक रुपमा घोषणा नभए पनि सुबोध यादव नै उम्मेदवार हुने निश्चित भइसकेको छ ।

कांग्रेसका प्रदेश सभापति यादवका लागि वडा अध्यक्षको उप चुनाव जित्नु आवश्यक छ । आफ्नै घर भएको वडामा चुनाव जित्न नसके उनको विपक्षीहरुले पार्टीमा आलोचना गर्ने छन् । हुन त सभापति कृष्णा यादव वडाको उपचुनावमा कांग्रेस जित्नेमा विश्वस्त देखिएका छन् । तर कांग्रेसबाट टिकट नपाउने भएपछि जसपा नेपालमा प्रवेश गरेका सन्देश यादव टाउको दुखाइ बनेको छ ।

रौतहट जिल्लाका चर्चित नेता एवं आम जनता पार्टी(आजपा) का अध्यक्ष प्रभु साहले वडामा उम्मेदवार दिने विषयमा धारणा सार्वजनिक गरिसकेका छैनन् । आजपाले उम्मेदवार उठाए चुनाव थप पेचिलो बन्नेछ ।

गढीमाई नपाको वडा नम्बर ८ मा यादव मतदाताको बाहुल्यता रहेको छ । त्यही भएर हालसम्म सबै दलले यादवबाट नै उम्मेदवार घोषणा गरेका छन् ।


राजपुर फरहदवाको वडा नम्बर ६ र इशनाथ नगरपालिकाको वडा नम्बर ७ को चुनावलाई पनि नेताहरुले महत्वका साथ लिएका छन् । तर गढीमाई नगरपालिकाको वडा नम्बर ८ जस्तो प्रतिष्ठाको विषय अन्य वडालाई बनाइएको छैन ।

संघीय र प्रदेश सत्तामा रहेका दलहरु वडाको चुनाव छुट्टाछुट्टै रुपमा लडिरहेका छन् ।एक दलले अर्को दललाई कमजोर देखाउँदै सत्ता गठबन्धनमा रहेका दुई प्रमुख दल नेकपा एमाले र नेपाली कांग्रेसलाई पनि अन्य दलहरुले सहयोग गर्ने संभावना देखिएको छैन ।

**आकांक्षी उम्मेदवारको नामावली**

| क्षेत्र | पार्टीको नाम | उम्मेदवारको नाम |
|---|---|---|
| इशनाथ- ७ | नेपाली कांग्रेस | शेख खालिक |
| | नेकपा एमाले | शेख अनवार |
| | नेकपा एस | सदरे आलम |
| | माओवादी केन्द्र | अमिरुलाद |
| राजपुर- ६ कुरिया | नेपाली कांग्रेस | समसे आलम |
| | नेकपा एमाले | शेख नसिम अकतर |
| | नेकपा एस | मो. तनवीर आलम |
| | माओवादी केन्द्र | शेख जिकुरुलाह |
| गढीमाई- ८ बिनगरा | नेपाली कांग्रेस | सुबोध कुमार यादव |
| | जसपा नेपाल | सन्देश यादव |
| | नेकपा एमाले | झपसी भनिने ज्युति देवी |
| | नेकपा एस | प्रमोद यादव |



# वीरगञ्ज महानगरद्वारा किशोरीलाई आत्मरक्षा तालिम दिने

**टुडे समाचारदाता**

वीरगञ्ज । वीरगञ्ज महानगरपालिकालेकिशोरीहरूलाई आत्मरक्षाका लागि तालिम दिने भएको छ।




वीरगञ्ज महानगर भित्रका कक्षा ६ देखि १२ सम्मका एकैपटक १० हजारभन्दा बढी छात्राहरूलाई तालिम दिन लागिएको महानगरपालिकाका मेयर राजेशमान सिंहले जानकारी दिए।

वीरगञ्जमा बुधबारदेखि शुरु हुने प्रशिक्षण कार्यक्रममा सामुदायिक र निजी विद्यालय, क्याम्पस गरी १० हजारभन्दा बढी छात्राहरूको सहभागिता रहने उनले बताए।

एकसाथ १० हजारभन्दा बढी किशोरीलाई आत्मरक्षाको तालिम दिएर वर्ल्ड रेकर्डसहित गिनिज बुकमा धेरै किशोरीलाई एकसाथ तालिम दिएर महानगरको नाम लेखाउने तयारी समेत भएको उनले बताए। यो तालिम सफल रूपमा सम्पन्न भए वीरगञ्जको नाम अन्तर्राष्ट्रिय रूपमा चर्चित हुने हुँदा आम नगरवासीलाई कार्यक्रम सफल पार्न पनि आग्रह गरे । आदर्शनगर रंगशालामा हुने प्रशिक्षणको सम्पूर्ण तयारी भइसकेको र छात्राहरूलाई ल्याउने लैजाने व्यवस्थासहित सुरक्षाकोव्यवस्थामिलाइसकिएको महानगरपालिकाका निमित्त प्रमुख प्रशासकीय अधिकृत अरविन्द लाल कर्णले बताए।

# कमला नदीमा जोखिमपूर्ण 'लचका यात्रा'

**टुडे समाचारदाता**

जनकपुरधाम । धनुषा-सिरहा जोड्ने कमला नदीमा निर्माणाधिन पूल भासिएपछि बाँसको लचका बनाएर यात्रुहरु आवतजावत गरिरहेका छन् । लामो समयदेखि सो बाँसको लचका हुँदै पैदल यात्रुहरुसमेत आवतजावत गरिरहेका छन् ।



पूर्वपश्चिम हुलाकी राजमार्ग अन्तर्गत कमला नदी तर्न बनाइएको बाँसको खम्बा र प्लाइउडबाट बनाइएको लचकाबाट दिनहुँ करिब एक हजार सवारीसाधनसहितका यात्रुहरु ओहोरदोहोर गरिरहेका छन्। नदीमा ठूलो पानी बगिरहेकाले मोटरसाइकल, साइकल र पैदल यात्रुका लागि सो पुल तर्न निकै सहज भएको छ।

तर सो बाँसको लचका पनि जोखिमपूर्ण यात्रा रहेको छ । सिराहा-धनुषाको सीमामा रहेको कमला नदीको सिराहातर्फ पूर्वी भागमा सिराहा नगरपालिकाले बनाएको सो अस्थायी पुलबाट नदी तर्दा मोटरसाइकलचालकसंग भने २० रुपैयाँ शुल्क लिने गरिएको खटिएका कर्मचारीले बताए पनि सो पुलबाट आवतजावत गर्ने यात्रुहरुसंग मनोमानी शुल्क असुल्ने गरेको एक यात्रुले बताए।

अस्थायी पुल वडा कार्यालयमार्फत निर्माण गरिएको सिराहा नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत बलिराम यादवले जनाए।

करिब दुई लाख रुपैयाँ लागतमा निर्माण गरिएको सो पुलबाट दैनिक दुई सय वटाभन्दा बढी मोटरसाइकल वारपार भइरहेको उनले बताए। मोटरसाइकलचालकबाट उठाइएको रकमबाट पुलको सामान्य मर्मत खर्च उठाउने योजना वडा कार्यालयको रहेको छ।

पुल निर्माणका लागि बाँस, मोटो प्लाई, मजदुरी, डोरी खरिदमा करिब दुई लाख रुपियाँ खर्च भएको प्रमुख प्रशासकीय अधिकृत यादवले बताए।

सिरहा नगरपालिकाले बनाइदिएको अस्थायी पुलबाट तर्न न्यून सेवा शुल्कले सबैलाई सहज भएको पुल तर्दै गरेका सन्तोष साहले बताए। नगपालिकाले न्यून सेवा शुल्क लिएर सञ्चालनमा ल्याएको यस अस्थायी पुललाई नीजिरूरुपमा सञ्चालन गर्दै आएका स्थानीयले बेला बेला क्षति पुऱ्याउँदै आएको नगरपालिकाले जनाएको छ।

क्मला नदीमा स्थायी पुल नबनेकाकारणहुलाकीराजमार्गबाटसप्तरीको राजविराजदेखि जनकपुरधामसम्मको दुरी करिब ९० किलोमिटर छ। दुईपांग्रे सवारीबाट दुई घण्टामा पुग्न सकिन्छ। ठुलो र चारपांग्रे सवारी पूर्वपश्चिम राजमार्ग भएर १३० किलोमिटर बाटो तय गरेर जनकपुरधाम पुग्नु परिरहेको चारपांग्रे सवारीचालक मनोज दासले बताए।

विगत १३ वर्षदेखि कमला नदीमा पुल निर्माण भइरहेको छ। तर निर्माण पूरा भएर कहिले सञ्चालन हुन्छ भन्ने टुंगो छैन।

## विद्यापति दिवस कार्यक्रम सुरुः

# रक्तदान कार्यक्रम सम्पन्न

**टुडे समाचारदाता**

राजरिवाज। मैथिली साहित्य परिषद् सप्तरीले मैथिली भाषाका महाकवि विद्यापतिको स्मृति दिवसको अवसरमा रक्तदान कार्यक्रम गरेको छ।



तीन दिनसम्म चल्ने विद्यापति स्मृति दिवसको पहिलो दिनको कार्यक्रम अन्तर्गत रक्तसंचार सेवा केन्द्रमा आयोजित रक्तदान कार्यक्रममा परिषद्का अध्यक्ष अवधेश झाका साथै पूर्वमन्त्री उमेश प्रसाद यादव, प्रहरी उपरिक्षक ढकेन्द्र खतिवडा, परिषद्का सचिव इन्जिनीयर सञ्जीव नारायण यादव, सहसचिव ललिता झा, मैथिल युवा परिषदका अध्यक्ष अखिलेश झा, पत्रकार जितेन्द्र झा "जितु" लगायत २३ जनाले रक्तदान गरेका छन्।

रगतको अभावले समस्या भइरहेका बेला परिषद्ले गरेको रक्तदान कार्यक्रमले मद्दत पुऱ्याउने रक्तसंचार सेवा केन्द्रका इन्चार्ज नवीन झाले बताए।

रक्तदान कार्यक्रम सकेलगतै परिषद्ले स्थानीय मैथिली भवनमा कवि गोष्ठिको आयोजना समेत गरी स्मृति दिवसको पहिलो दिनको कार्यक्रम सम्पन्न गरेको मैथिली साहित्य परिषद्का अध्यक्ष झाले जानकारी दिए।

विद्यापति स्मृति दिवसको दोश्रो दिन बुधबार मैथिली भाषालाई सरकारी कामकाजको भाषा बनाउने आवश्यकता विषयक विचार गोष्ठी तथा तेश्रो दिन बिहीबार मिथिला संस्कृति झल्काउने झाँकी, श्रद्धान्जली सभा, सांस्कृतिक कार्यक्रम तथा पुरस्कार वितरण लगायतका कार्यक्रम गरिने तय भएको अध्यक्ष झाले बताए।

मिथिला र मैथिलीको प्रतीक महाकविद्यापतिको स्मृति एवं सम्मानमा आयोजना भइरहेको तीन दिवसीय पर्व समाहरोलाई भव्य र सभ्यरुपमा सम्पन्न गर्न भगिनी संस्था मैथिलि युवा परिषद्, मैथिली विद्यार्थी परिषद्, मैथिली महिला परिषद् र मैथिली पत्रकार समेतको सहयोग र सहभागिता रहेको मूल आयोजक मैथिली साहित्य परिषद् सप्तरीले जनाएको छ।

# नगरको विभिन्न स्थानबाट चोरी पैठारीका सामान बरामद

**टुडे समाचारदाता**

राजविराज। नगरक्षेत्रको विभिन्न दुई स्थानबाट प्रहरीले भारतीय सीमावर्ती बजारबाट चोरी पैठारी गरी ल्याइएका २ लाख ५० हजार रुपैयाँभन्दा बढीका मालसामान सहित एउटा मोटरसाइकल नियन्त्रणमा लिएको छ।





मंगलबार विहान राजविराज नगरपालिका वडा- १२ स्थित झल्ही नहर सडक खण्डमा चेकजाँचको क्रममा प्रहरीले भन्सार छली ल्याइएका १ लाख ६६ हजार ५ सय रुपैयाँ बराबरको रेडिमेड कपडा (जर्सी) ३ सय ३३ थान बरामद गरेको जिल्ला प्रहरी कार्यालय सप्तरीका प्रवक्ता प्रहरी नायव उपरीक्षक जितेन्द्र कुमार बस्नेतले जानकारी दिए।

बोरामा राखेर ल्याउँदै गरेका तस्करहरु प्रहरी देख्नासाथ बोरा फालेर भागेको प्रहरीको भनाइ छ । प्रहरीको अर्को टोलीले राजविराज नगरपालिका ६ स्थित राममन्दिर चोकमा चेकजाँचको क्रममा भारतबाट भन्सार छली ल्याएको १ लाख १ हजार ९ सय १० रुपैया मूल्य बराबरको चिनी, बिस्कुट, बटरलगायतका सामग्री बरामद गरेको समेत उनले बताए। नम्बर नखुलेको मोटरसाइकलमा राखेर ल्याउँदै गर्दा चेकजाँचमा प्रहरी खटेको देखेपछि सामानसहित मोटरसाइकल छाडेर तस्करहरु भागेको प्रहरी नायब उपरीक्षक वस्नेतको भनाई छ।

बरामद समान र मोटरसाइकल राजविराज भन्सार कार्यालय पठाइएको जिल्ला प्रहरी कार्यालय सप्तरीले जनाएको छ।

# नभएका विषयलाई अनावश्यक विवादको मुद्दा नबनाउन प्रधानमन्त्री ओलीको आग्रह

विराटनगर। प्रधानमन्त्री केपी शर्मा ओलीले नभएका कतिपय विषयलाई अनावश्यक विवादको मुद्दा बनाउन नहुने बताउनुभएको छ। विराटनगरमा सोमबार साँझ पत्रकारहरूको जिज्ञासामा उहाँले नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र)को विरोध र आन्दोलन सरकारमा नरहनुको छटपटी हो भन्नुभयो । प्रधानन्त्री ओलीले अहिले अमेरिकी स्टेट पार्टनसिप प्रोग्राम (एसपिपी)को कुनै कुरा वा चर्चा नै नभएको बताउनुभयो।



संविधान संशोधनका लागि आयोग गठन हुन्छ भन्ने प्रश्नमा उहाँले यो विषय संसद्को विषय भएकाले आयोग गठन गरिरहनु नपर्ने जनाउनुभयो।सरकारकोनिर्देशनबमोजिम नेपाल विद्युत् प्राधिकरणले लाइन काटिएका उद्योगमा लाइन जोडिएको छैन नि भन्ने प्रश्नमा प्रधानमन्त्री ओलीले भन्नुभयो, "नजोडिएको भए हेर्दै जाउँ । हामी उद्योग र कलकारखानालाई काम गर्न सक्ने र आर्थिक समृद्धिका लागि आवश्यक काम गर्दै जानेछौं।"

धरानस्थित बिपी कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठानको १३औँ दीक्षान्त समारोहबाट प्रधानमन्त्री ओली विराटनगरहुँदैकाठमाडौँफर्कनुभएको थियो।रासस

# इन्ड्राइभले नेपालमा लन्च गर्यो नयाँइन्ड्राइभ कम्फर्ट सुविधा

**टुडे समाचारदाता**

काठमाण्डु । इन्ड्राइभ, ग्लोबल मोबिलिटी र अर्बन सर्भिस प्लेटफर्मले यात्रुहरूलाई थप आरामदायी, प्रिमियम राइड विकल्प उपलब्ध गराउने उद्देश्यले नेपालमा आफ्नो नयाँ'इन्ड्राइभ कम्फट' 'फिचर सुविधा सुरु गरेको छ।




यात्राको अनुभव बढाउन डिजाइन गरिएको इन्ड्राइभ कम्फर्ट सुविधाले यात्रुहरूलाई परिष्कृत सुविधाहरू सहितको प्रिमियम लेभलका सवारी साधनमा यात्रा गर्न सहज बनाउँछ। कम्फोर्ट सवारीहरू उच्च गुणस्तरका सवारी साधनहरू र उच्च स्तरको सेवाप्रदान गर्न समर्पित तथा हाइरेटिङ्ग गरिएका ड्राइभरहरूका साथयात्रा गर्न खोज्नेहरूकालागि उपयुक्त छ। नयाँ सुविधासँगै, नेपाली यात्रुहरूले अब थप आरामदायी र सुविधाजनक यात्राको आनन्द लिन इन्ड्राइभ कम्फर्ट राइडहरू रोज्न सक्नेछन्।

इन्ड्राइभ साउथ एशियाका सिनियर मार्केटिङ म्यानेजर, अविक कर्माकारले भनेँ,इन्ड्राइभमा, हामी हाम्रा ग्राहकहरूको आवश्यकताहरू पूरा गर्न किफायती, सुविधाजनक वा थप कम्फोर्ट सवारी विकल्पहरू प्रदान गर्न समर्पित रहेका छौं। इन्ड्राइभ कम्फर्ट राइडको सुरुवात नेपालमा इन्ड्राइभको लागि आकर्षक विकास हो। हामी हाम्रा प्रयोगकर्ताहरूको विशिष्ट आवश्यकताहरू पूरा गर्ने उपयुक्त सवारी विकल्पहरू प्रस्ताव गर्न प्रतिबद्ध छौं। इन्ड्राइभ कम्फर्टको साथ, यात्रुहरूले फराकिलो, रमाइलो र उचित मूल्यको सवारीको प्रतीक्षा गर्न सक्छन, जबकि हाम्रा चालक साझेदारहरूले उत्कृष्ट सेवाप्रदान गर्ने थप अवसरहरू प्राप्त गर्छन्।

इन्ड्राइभ कम्फर्ट राइड सुबिधाले यात्रुहरूका लागि छनोटको अर्को तह थपेको छ, जसले अब आफ्नो यात्रा आवश्यकताहरूको आधारमा स्ट्याण्डर्ड सवारी र प्रिमियम इन्ड्राइभ कम्फर्ट अनुभवहरू बीच छनोट गर्न सक्नेछन। यो सुविधा उच्च मूल्याङ्कन कायम राख्ने र प्रिमियम सवारी साधन चलाउने चालकहरूकालागि पनि लाभदायक रहेको छ, जसले उनीहरूलाई इन्ड्राइभ कम्फर्ट राइडहरू मार्फत थपआम्दानी गर्ने अवसर प्रदान पनि गर्दछ।

श्री पवितनन्दाआनन्द, एशियाप्यासिफिककम्युनिकेसन्स लीड, इन्ड्राइभले भनिन, "हामी चालक र यात्रु दुवैलाई आफ्नो प्राइस रोज्ने स्वतन्त्रता दिएका छौं। त्यसैले, तपाईँले ड्राइभर चयन गर्न पाउनुहुन्छ। हाम्रो पूर्ण पारदर्शी मोडेलमा यात्राहरु हुन्छन। हामी यात्रु र चालक दुवैको हातमा राइडशेयर सर्तहरूउपलब्ध गराएर सबै प्रयोगकर्ताहरूलाई छनोट र निष्पक्षताको स्वतन्त्रता लयाउन हामी सँधै प्रतिबद्ध छौं।

## कम्पनीको नाम परिवर्तन सम्बन्धी सूचना

**प्रथम पटक प्रकाशित मितिः २०८१/०७/२८ गते**

यस कम्पनीको सम्पन्न विशेष साधारण सभाको निर्णय बमोजिम तथा कम्पनी रजिष्ट्रार कार्यालयको मिति २०७१/०३/०५ गतेको पत्रबाट स्वीकृती प्राप्त भई साविक कम्पनी स्वस्तिक ईङ्गलिस बोर्डिङ्ग स्कुल जनकपुर प्रा.लि (Swostik English Boarding School Janakpur Pvt.Ltd) प्रा.लि. दर्ता नं. १२३७४६/७०/०७१ को नाममा रहेको सम्पूर्ण चल र अचल सम्पत्ति तथा तिर्नुपर्ने ऋण धन, कर, दायित्व आदि परिवर्तित नामको स्वस्तिक ईङ्गलिस बोर्डिङ्ग स्कूल प्रा. लि. (Swastik English Boarding School Pvt. Ltd.) ले सकार्ने व्यहोर्ने गरि कम्पनीको नाम परिवर्तन गरिएको व्यहोरा यसै सूचना द्वारा जानकारी गराईन्छ।

## तपाईंको आज

पण्डित : बम जी

| | |
|---|---|
| मेष | : बौद्धिक क्षमता। |
| बृष | : प्रतिभा सम्पन्नता। |
| मिथून | : शिक्षामा उन्नति। |
| कर्कट | : पारिवाहिक सुख। |
| सिंह | : धन वृद्धि सञ्चय। |
| कन्या | : प्रेम प्रसंग, मित्र सुख। |
| तुला | : सुख समृद्धि हुने। |
| वृश्चिक | : भ्रमण अवसर हुने। |
| धनु | : अवसर प्राप्त। |
| मकर | : वाद विवादबाट बच्नु। |
| कुम्भ | : नयाँ कार्य हुने। |
| मीन | : पुरस्कार प्राप्त लाभ। |

राशिफलले जस्तो दिनको संकेत गरेपनि कर्म गर्दा फल राम्रै पाइन्छ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरू



जनकपुरधाम ०४१

| | | | |
|---|---|---|---|
| बारुण यन्त्र | ५२००११ | विद्युत फ्युज शाखा | ५९०८३४, ५९०८३५ |
| प्रहरी (हण्टीङ्गलाईन) | ४२००९९, ४२०२९९, १०० | साह केबुल | ५२४७२२ |
| एम्बुलेन्स (रेडक्रस) | १०२ | जानकी केबुल | ५२३७२८ |
| एम्बुलेन्स (मेडिकल कलेज) | ५२६०९०, ५२६०९१ | म्याक्स टीभी | ०४१-५९०८९७, ९८०१६६८६५२ |
| एम्बुलेन्स (हिमालय युवा क्लब) | ९८०४८१५१२६ | नगर सेफ्टी टैंक सफाई सेवा | ५२१२६२ |
| अञ्चल अस्पताल | ५२००३३ | मुजेलिया प्रहरी चौकी | ५२०७५० |
| जनकपुर सिटी हस्पिटल भानुचोक | ५२५०१, ५२५८९९ | सशस्त्र प्रहरी मुजेलिया | ५२७२१३, ५२७८०० |
| नेपाल शिक्षक संघ (एम्बुलेन्स) | ९८०१६४४४५५, ९८५४०२८२९६ | बुद्ध एयर | ५२५०२२ |
| जानकी हेल्थकेयर सेन्टर रामानन्द चोक | ५२५३४१ | यति एयरलायन्स, शिवचोक | ५९०३०१/५९०३०२ |
| रक्तसंचार (रेडक्रस) | ५२०८७० | होटल मानकी | ९८१५८१३५३४, ९८१५८१३३४३ |
| ॐ शक्ति अध्ययन अनुसन्धान केन्द्र (एम्बुलेन्स) | ९८५४०२७४३४ | होटल रामा | ५२००५९, ५२३८५४ |
| कृष्णा नर्सिङ्गहोम | ५२१९१८ | वेलकम होटल | ९८०१६२००६५, ९८०१६२००६४ |
| विरेन्द्र डेन्टल हेल्थ केयर | ५२८४३७ | गौतम होटल, बर्दिबास | ०४४-५५००३४ |
| आँखा अस्पताल | ५२०३९७ | जलेश्वर अस्पताल | ०४४-५२००७० |
| रेडियो टुडे (९१ मेगाहर्ज) | ९८०१६२६०२६ | प्रहरी (जलेश्वर) | ०४४-५२०००९ |
| एयर पोर्ट | ५९००५८, ५९००५२ | एम्बुलेन्स (जलेश्वर) | ०४४-५२०१०० |
| | | विद्युत (जलेश्वर) | ०४४-५२००६६, ५२०१६६ |

## रत्न सागर मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ५:०० बजे |
| बिहान पूजा आरती | : ८:०० बजे |
| भोगराज लाग्ने समय | : ११:३० बजे |
| निशुल्क अन्न क्षेत्र (दिउँसो) | : १२:०० बजे |
| मन्दिर बन्द हुने समय | : १२:०० बजे |
| खुल्ने समय (दिउँसो) | : ४००: बजे |
| रात्री आरती पूजा हुने समय | : ९:३० बजे |
| रात्री मन्दिर बन्द हुने समय | : १०:०० बजे |

## जानकी मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| बिहान पूजा आरती | : ०७:०० बजे |
| बिहान ढोका बन्द | : १२:०० बजे |
| अन्न क्षेत्र | : निःशुल्क भोजन |
| दिउँसो ढोका खुल्ने समय | : ०४:०० बजे |
| सन्ध्या पूजा आरती:साँझा | : ०७:३० बजे |

## राम मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| मंगल आरती | : ०७:३० बजे |
| महाप्रसाद भोग | : १२:०० बजे |
| दिउँसो ढोका खुल्ने समय | : ०३:३० बजे |
| सन्ध्या पूजा आरती साँझ | : ०७:०० बजे |
| रात्रि भोग | : ०९:०० बजे |
| पट बन्द | : ०९:१५ बजे |



धनुषाको क्षिरेश्वरनाथ नगरपालिका-५ स्थित अर्जनामा रहेको हनुमानको मूर्ति । हिन्दू धर्माम्बलम्बीहरूले हनुमानको पूजाआजा गर्ने गर्छन् । *तस्बिर : रासस*

# तुलसी विवाह सम्पन्न

**टुडे समाचारदाता**

जनकपुरधाम । हरिबोधिनी एकादशी अर्थात तुलसी विवाह विधिवत रुपमा सम्पन्न भएको छ ।

धार्मिक परम्पराअनुसार हरिशयनी एकादशीबाट चीर निद्रामा सुतेका विष्णु भगवान् उठ्ने धार्मिक विश्वासका साथ मंगलबार जनकपुरधामलगायत देशभरि नै एकादशी र तुलसी विवाह सम्पन्न भएको छ ।

मानिसको जन्मदेखि मृत्युसम्ममा सनातनी संस्कारमा तुलसीको बिरुवा वा तुलसीको पातको प्रयोग हुँदै आएको छ । हिन्दु धर्मावलम्बीहरूले आँगनको छेउमै बनाएको तुलसीको मठलाई पवित्र स्थान मानिन्छ ।

एकादशीको दिन तुलसी तथा भगवान् शालिग्रामको विधिपूर्वक पूजा गराउनाले वैवाहिक जीवनमा आइरहेका समस्याहरू अन्त्य हुने धार्मिक विश्वास छ । जो व्यक्तिहरूको विवाह भएको हुँदैन, ती व्यक्तिहरूको विवाह हुने निश्चित हुन्छ । यसले तुलसी विवाह गराउनाले कन्यादान जस्तो पुण्य प्राप्त हुन्छ ।

पौराणिक किंवदन्ती अनुसार वृन्दा नाम गरेकी एक सद्गुणी स्त्री थिइन् । उनका पति जालन्धर क्रूर र भगवान् विरोधी भएर त्रिलोकपति बनेर बसेका थिए ।



वृन्दाको पवित्रताका कारण उनका पति अजेय र शक्तिशाली रहेका थिए । जसको परिणाम महादेवले पनि उनलाई हराउन सकेनन् ।

त्यसपछि सबै देवताहरूको आदेशमा श्रीहरि (विष्णु)ले जालन्धरको रूप धारण गरी वृन्दाको पतिव्रत (सतीत्व) भंग गरिदिएको थाहा पाएर वृन्दाले आत्मदाह गरिन् ।

उनको खरानीको थुप्रोमाथि उम्रिएको एक वनस्पतिलाई विष्णुले तुलसीको नाम दिए । यस्तै सँगै रहेको एक ढुंगालाई आफ्नो रूप ठानी शालिग्रामको रूपमा प्रख्यात हुने बताए । फलस्वरूप कार्तिक शुक्ल एकादशीका दिन तुलसीको विवाह शालिग्रामसँग गरिदिने परम्परा बसेको मानिन्छ ।

# ‘वर्तमान सरकारबाट जनताले धेरै अपेक्षा गरेका छन्’

ढोरपाटन । नेपाली कांग्रेसका प्रवक्ता प्रकाशशरण महतले वर्तमान सरकारसँग जनताले विकास-निर्माणलगायत जनजीविकाका विषयमा धेरै अपेक्षा गरेका बताउनुभएको छ ।

नेपाली कांग्रेस बागलुङ जिल्ला कार्यसमितिले मंगलबार आयोजना गरेको कार्यकर्ता भेटघाटमा उहाँले सरकारमा सहभागी राजनीतिक दलले जनता केन्द्रित काम गर्नुपर्नेमा जोड दिनुभयो । देशमा जति नयाँ पार्टी खुले पनि पुरानै पार्टीले मुलुक परिवर्तनमा महत्वपूर्ण भूमिका निर्वाह गरेका उहाँको भनाइ थियो । विसं २०४६ को परिवर्तनपछि देशमा विकास निर्माणका कार्यले गति लिएका बताउँदै पूर्वअर्थमन्त्री डा महतले नेपाली कांग्रेस आगामी निर्वाचनमा कुनै पनि राजनीतिक दलसँग गठबन्धन नगरी एक्लै प्रतिस्पर्धामा जानुपर्ने विचार व्यक्त गर्नुभयो । “पार्टीको सुदृढीकरणका लागि सम्पूर्ण कार्यकर्ता एकताबद्ध हुनुपर्छ”, उहाँले भन्नुभयो । स्थानीय तहबाटै नेता तथा कार्यकर्ताबीच एकता हुनुपर्नेमा जोड दिँदै उहाँले व्यक्तिभन्दा माथि पार्टीलाई राख्नुपर्ने बताउनुभयो ।रासस



# उद्योगमा काटिएको विद्युत जोड्ने प्राधिकरण सञ्चालक समितिको निर्णय

काठमाण्डु । नेपाल विद्युत् प्राधिकरण सञ्चालक समिति (बोर्ड) ले उद्योगमा काटिएको बिजुली जोड्ने निर्णय गरेको छ ।

ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालयमा मंगलबार बसेको बोर्ड बैठकले कात्तिक २५ गतेको मन्त्रिपरिषद् बैठकको निर्णय कार्यान्वयन गर्दै काटिएका उद्योगमा तत्काल बिजुली जोड्ने निर्णय गरेको बोर्डका अध्यक्ष एवम् ऊर्जामन्त्री दीपक खड्काले जानकारी दिनुभयो ।

मन्त्रिपरिषद्को बैठकले डेडिकेटेड फिडर तथा ट्रङ्कलाइनको महसुललाई लिएर उद्योगमा काटिएको बिजुली २४ घण्टाभित्र जोड्ने निर्णय गरेको थियो । “१५ दिनभित्र टाइम अफ डे (टिओडी) मिटरका आधारमा बक्यौता असुलउपर गर्ने मन्त्रिपरिषद्को निर्णयलाई कार्यान्वयन गरेर अगाडि बढ्ने निर्णय भएको छ,” मन्त्री खड्काले भन्नुभयो ।




उहाँले प्राधिकरणले विद्युत् प्रयोग गरेवापत बिल दिनुपर्ने र व्यवसायीले सोअनुसार रकम तिर्नुपर्ने बताउनुभयो ।

“बिल दिन सकेन भने प्राधिकरणका कर्मचारीमाथि कारबाही हुन्छ, तिर्नुपर्ने पैसा तिरेन भने व्यवसायीमाथि कारबाही हुन्छ,” मन्त्री खड्काको भनाइ छ ।रासस

# ‘अनुसन्धानमा खटिएका कर्मचारीले कानुनका प्रावधान पालना गर्नुपर्छ’

काठमाण्डु । नेपाल प्रहरीले अपराध अनुसन्धान शाखामा कार्यरत प्रहरी कर्मचारीको सानो कमजोरीले पनि अपराधसम्बन्धी मुद्दा प्रभावित हुनसक्ने भएकाले त्यसतर्फ गम्भीर हुन सचेत गराएको छ ।

अपराध अनुसन्धानमा खटिने हरेक प्रहरी कर्मचारीले प्रचलित कानुनका प्रावधानलाई पालना गरी नागरिकलाई कानुनी राज्यको प्रत्याभूति दिलाउनुपर्ने जनाउँदै मातहतका कर्मचारीलाई निर्देशन दिइएको हो ।

काठमाडौँ उपत्यका प्रहरी कार्यालयमा सोमबार भएको अपराध अनुसन्धानसम्बन्धी अन्तर्क्रिया कार्यक्रममा कार्यालय प्रमुख, प्रहरी अतिरिक्त महानिरीक्षक किरण बज्राचार्यले अपराध अनुसन्धानमा खटिने प्रहरीले ‘पीडितलाई न्याय र पीडकलाई सजाय’ दिलाउनेतर्फ केन्द्रित हुनुपर्नेमा जोड दिनुभयो । उहाँले मातहतका सम्पूर्ण कर्मचारीलाई कानुनका प्रावधान पालना गर्दै न्यायसम्पादन गर्न अनुरोध गर्नुभयो ।



प्रहरी अतिरिक्त महानिरीक्षक बज्राचार्यले नागरिक केन्द्रित प्रहरी सेवाप्रवाह गरी सेवाग्राहीको गुनासो सम्बोधनलाई प्राथमिकतामा राखी प्रहरीका काम, कर्तव्य सफल पार्न मातहतका प्रहरी कर्मचारीलाई निर्देशन दिनुभयो ।

कार्यक्रममा काठमाडौँ उपत्यका प्रहरी कार्यालय मातहत रहेको तीनवटै जिल्ला (काठमाडौँ, ललितपुर र भक्तपुर) का सम्पूर्ण मुद्दा चल्ने २१ प्रहरी इकाइका अपराध अनुसन्धान शाखा प्रमुख र सहायकका साथै काठमाडौँ उपत्यका प्रहरी कार्यालय अपराध अनुसन्धान शाखाका प्रहरी कर्मचारीलगायतको उपस्थिति थियो ।यसअघि उपत्यका प्रहरीले मातहतका मुद्दा चल्ने प्रहरी युनिटमा अनुगमन गरेको थियो । अनुगमनमा देखिएका कमीकमजोरीका विषयमा समीक्षा गर्दै सुधारका लागि उक्त छलफल गरिएको अपराध अनुसन्धान शाखा कार्यालयले जनाएको छ ।

उक्त विषयमा प्रहरी उपरीक्षक प्रवीण धितालले प्रस्तुतिकरण प्रस्तुत गर्नुभएको उपत्यका प्रहरीका प्रवक्ता प्रहरी वरिष्ठ उपरीक्षक विनोद घिमिरेले जानकारी दिनुभयो । उपत्यकामा हुने अपराध नियन्त्रण गर्दै शान्ति सुरक्षालाई प्रभावकारी बनाउन तीनवटै जिल्लाका प्रहरी कर्मचारीलाई आवश्यक निर्देशन पनि दिइएको थियो ।रासस

# सिभिल सहकारीका सोह्र सय पीडितले सात अर्ब बचत मागे

काठमाण्डु । बागमती प्रदेश सरकारले समस्याग्रस्त घोषणा गरेको सिभिल सहकारीका एक हजार ६०० पीडितले करिब रु सात अर्ब बचत माग गरेका छन् ।

बागमती प्रदेशको समस्याग्रस्त सहकारी व्यवस्थापन समितिको कार्यालयले सिभिल सहकारी पीडितका लागि माग दाबीको निवेदन दिन जारी गरेको ३५ दिने सूचना सोमबार सकिएको थियो । सोमबार एक हजार ६०० पीडितले रु सात अर्ब दाबी गरेको समितिका अध्यक्ष एवं वरिष्ठ अधिवक्ता प्रभात अधिकारीले राससलाई जानकारी दिनुभयो ।

सिभिल सहकारीलाई बागमती प्रदेश सरकारले २०८० भदौ २१ गते समस्याग्रस्त घोषणा गरेको थियो । प्रदेश सहकारी ऐन, २०७६ अनुसार सिभिललाई समस्याग्रस्त घोषणा गरेको थियो । सिभिललाई समस्याग्रस्त घोषणा गरेपछि प्रदेश सरकारले २०८० पुस २२ गते समिति गठन गरेको थियो । समितिमा हाल अध्यक्षसहित तीन सदस्य छन् । बाँकी तीन सदस्य भने पदपूर्ति हुन बाँकी रहेको जनाइएको छ ।

सहकारीका अध्यक्ष इच्छाराज तामाङ अहिले पनि जेलमा छन् । तामाङले सहकारीबाट रु सात अर्ब ऋण लिएको कागजातबाट देखिएको अध्यक्ष अधिकारीले बताउनुभयो । समितिले अनामनगरमा कार्यालय खोली गत असारदेखि काम सुरु गरेको छ । बागमती प्रदेश सरकारले यही कात्तिक ११ गते कीर्तिपुरको दर्शन सहकारीलाई पनि समस्याग्रस्त घोषणा गरेको छ ।रासस




# सुदूरपश्चिम प्रदेश सरकारद्वारा सय दिनको उपलब्धि सार्वजनिक

सुदूरपश्चिम । सुदूरपश्चिम प्रदेशका मुख्यमन्त्री कमलबहादुर शाहले आफ्नो नेतृत्वको प्रदेश सरकारको एक सय दिनको उपलब्धि सार्वजनिक गर्नुभएको छ । सो अवधिमा राजनीतिक, प्रशासनिक र आर्थिक पक्षमा गरेका कामलाई प्रदेश सरकारले मुख्य उपलब्धि मानेको छ ।

सरकार गठनको एक सय दिनमा सरकारले गरेका कामको उपलब्धि सार्वजनिक गर्न मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय धनगढीमा आज आयोजित पत्रकार सम्मेलनमा मुख्यमन्त्री शाहले तोकिएको समयमै चालु आर्थिक वर्षको बजेट आउन नसकेको अवस्थामा आफ्नो नेतृत्वमा सरकार गठन भएपछि सुरुआतका दिनमा राजनीतिक, प्रशासनिक र आर्थिक विषयमा सहमति जुटाएर बजेट ल्याइएको बताउनुभयो ।

प्रदेशसभाको विश्वास लिई राजनीतिक स्थायित्व तथा सुशासनको प्रत्याभूति दिनेगरी विकास प्रयास र सेवा प्रवाहको बलियो जग बसाउने बाटो तय गर्ने कार्य पूरा भएको उहाँले बताउनुभयो । “राजनैतिक अस्थिरताका बीच स्थिर र स्थायी सरकार दिनुपर्ने सन्देश दिन सफल भएका छौँ,” मुख्यमन्त्री शाहले भन्नुभयो, “यस अवधिमा कानुनी संरचना निर्माण र प्रणाली सुधारमा केन्द्रित रह्यौँ ।”

तत्कालीन मुख्यमन्त्री दीर्घबहादुर सोडारी नेतृत्वको सरकारले चालु आर्थिक वर्षका लागि ल्याएको नीति कार्यक्रमलाई कार्यान्वयन गर्न समयमै बजेट कार्यक्रम आउन नसक्दा उत्पन्न जटिल परिस्थितिबाट देखिएका समस्यालाई चिर्दै वर्तमान सरकारले गत भदौ ३१ गते बजेट ल्याएको थियो । यस अवधिमा प्रदेशसभाबाट पारित भएको प्रदेश निजामति सेवा (पहिलो संशोधन) ऐन कार्यान्वयनमा आएसँगै प्रशासनिक संयन्त्र चलायमान भएको र आवधिक योजना, विकास कार्यक्रम, बजेट प्राथमिकीकरण तथा सुशासनका लागि गरिएको प्रयासलाई उपलब्धि मानिएको छ ।रासस

# लगानी निरुत्साहित हुने गतिविधि नगर्न आग्रह

काठमाण्डु । नेपाल उद्योग वाणिज्य महासङ्घका अध्यक्ष चन्द्रप्रसाद ढकालले लगानी निरुत्साहित हुने गतिविधि हुननहुने बताउँदै देशलाई आर्थिक समृद्धिको मार्गमा अग्रसर गराउन समाजका सबै वर्गको सहयोग आवश्यक भएकामा जोड दिनुभएको छ ।

नेपाल उद्योग वाणिज्य महासङ्घ गण्डकी प्रदेशले आयोजना गरेको दोस्रो गण्डकी प्रदेश महोत्सवको मंगलबार उद्घाटन गर्दै उहाँले “मुलुकका कतिपय क्षेत्रमा अझै पनि विकास र लगानीमा अवरोध गर्ने सोच हटेको छैन ।

यस किसिमका अवरोधले लगानीमा मात्र नभई देशको समृद्धिकम समेत नकारात्मक असर पार्छ ।”

विशेष गरी धार्मिक र सांस्कृतिक पर्यटन पूर्वाधार विकासको ठूला सम्भावना रहेको बताउँदै ढकालले यसका लागि ठूलो पूँजी आवश्यक पर्ने र त्यसको लागि लगानीको वातावरण बन्नुपर्नेमा उहाँले जोड दिनुभएको नेपाल उद्योग वाणिज्य महासङ्घले जनाएको छ । रासस




# कुलेखानीको क्षतिबारे अध्ययन समितिले बुझायो प्रतिवेदन

काठमाण्डु । कुलेखानी जलविद्युत् केन्द्रको ड्याममा भएको क्षतिबारे अध्ययन तथा छानबिन गर्न गठित समितिले ऊर्जा, जलस्रोत तथा सिँचाइमन्त्री दीपक खड्कालाई प्रतिवेदन बुझाएको छ ।

गत असोज ११ र १२ गतेको अविरल वर्षाका कारण कुलेखानी जलविद्युत् केन्द्रको ड्यामको ढोका खोल्दा तल्लो तटीय क्षेत्रमा क्षति पुगेपछि ऊर्जामन्त्री खड्काले गत असोज २२ गते अध्ययन समिति गठन गर्नुभएको थियो ।



उक्त समितिले १५ दिन लगाएर स्थलगत अध्ययन तथा छानबिन गरी उक्त प्रतिवेदन आज बुझाएको हो । विद्युत् विकास विभागका उपमहानिर्देशक गोकर्णराज पन्थको संयोजकत्वमा गठित उक्त समितिले तल्लो तटीय क्षेत्रमा भएको क्षतिको विषयमा स्थलगत निरीक्षण गरी क्षतिको विवरण सङ्कलन गरिएको समितिले जनाएको छ । कुलेखानी ड्यामको ढोका मापदण्डअनुसार खोलिएको नखोलिएको विषयमा विस्तृत रुपमा अध्ययन गरी भविष्यमा हुने क्षति न्यूनीकरण गर्ने विषयमा सुझाव दिइएको समितिका सदस्य-सचिव एवम् मन्त्रालयका उपसचिव शालिग्राम भण्डारीले जानकारी दिनुभयो ।रासस



**अन्यत्र गरेको पापबाट जनकपुरधाममा मुक्ति पाउन सकिन्छ। जनकपुरधाममा गरेको पापबाट मुक्ति पाउने स्थान अन्यत्र छैन ॥**

## सम्पादकीय

# विवाद होइन, समन्वय गर

जनकपुरधाम र अयोध्याधामबीचको सम्बन्ध त्रेता युगकालीन हो । जनकपुरधाम र अयोध्याधामको गाथा नै रामायण हो । जनकपुरधाम बिना अयोध्याधाम पूर्ण हुँदैन । जनकपुरधाम बिना रामायण पनि अधुरो नै छ। जगत जननी जानकीको प्रकाट्य स्थल जनकपुरधाम र भगवान रामको जन्मस्थल अयोध्याधामबीचको सम्बन्धलाई नयाँ कुनै व्याख्याको आवश्यकता छैन। विश्वामित्रदेखि लवकुशसम्मले जनकपुरधामको महिमा वर्णन गरेका छन्। सीता स्वयंमा सम्पूर्ण हुन्। भगवान राम सूर्यवंशी भए पनि विवाह मिथिला संस्कृति अनुसार भएको हो । मिथिलामा अझै पनि ती सबै विधि विवाहको अंग हो। जनकपुरधाममा आयोजना गरिने विभिन्न मेला, महोत्सव मध्ये सीताराम विवाह महोत्सव सर्वाधिक महत्वपूर्ण हो। यसमा सीतारामबीच त्रेता युगमा सम्पन्न भएको विवाहको झझल्को दिने गरिन्छ। विगतमा जानकी मन्दिरमा एक दिन मात्र सीताराम विवाह महोत्सव मनाइने गरिन्थ्यो । वर्तमान महन्त रामतपेश्वर दास वैष्णवले त्यसलाई सप्ताहव्यापी बनाएका हुन्। भारतको अयोध्याबाट जन्ती मगाउने काम पनि महन्त रामतपेश्वर दास वैष्णवले नै प्रारम्भ गरेका हुन् । त्यो अझै निरन्तर छ। पाँच वर्षमा एक पटक भव्य रुपमा जन्ती ल्याइने गरिन्छ। यद्यपि हरेक वर्ष जन्ती आउने गर्छ। सीताराम विवाह महोत्सवमा यस पटक एउटा नयाँ अध्याय जोड्ने प्रयास भएको छ। तर त्यसलाई विवादित बनाइएको छ। समयानुकूल विवाह महोत्सवलाई भव्यता प्रदान गर्ने र जनजनलाई जोड्ने प्रयास भइरहनु पर्छ। भगवान रामले प्रतिज्ञापूर्ण पिनाक धनुष भंग गरेपछि राजा जनकले हजामलाई अयोध्या पठाएर जन्ती ल्याउन निम्तो गरेका थिए। त्यो परम्परालाई जानकी मन्दिरले निरन्तरता दिएको छ। हजामले निम्तो लिएर जाने परम्परालाई थप परिस्कृत गर्दै जनजनसम्म जोड्न तिलक पठाउने प्रयास गरिएको छ । नेपाल र भारतको विभिन्न ग्रामीण सहरी भेगहुँदै अयोध्यासम्म तिलक जाँदा त्यसमा लाखौँ मानिसको सहभागिता हुने थियो । यो सकारात्मक कार्य नै हो । हरेक विषयमा विवाद गर्नु भन्दा सकारात्मक रुपमा लिएर समन्वय गर्नु आवश्यक छ। जनकपुरधामबाट एउटा बाटो भएर तिलक जाने र अर्को मार्गबाट जन्ती आउँदा त्यसले दुवै पवित्र धर्मस्थलको महत्वबारे बच्चाबच्चामा अवगत गराउने छ। धेरै युवा समेत सीताराम सम्बन्धको अनेक पक्षबारे अनभिज्ञ छन्। सीतारामबीचको वैवाहिक कथालाई जनजनसम्म पुऱ्याउन सके जनकपुरधाममा आउने पर्यटकहरुको संख्यामा भारी वृद्धि हुने निश्चित छ। सकारात्मक सोचौँ, राम्रो गरौँ। सीताराम विवाह महोत्सवमा जोडिने विधि प्रक्रियालाई निरन्तरता दिनु पनि आवश्यक छ।

# श्रम निर्यात कि श्रमिक निर्यात?



डा. होमनाथ गैरे

चालु आर्थिक वर्ष २०८१/८२ को पहिलो दुई महिनामा नेपालले दुई खर्ब ६३ अर्ब रूपैयाँ रेमिटेन्स प्राप्त गरेको छ। यो रकमगत आर्थिक वर्षको सोही अवधिको तुलनामा १५ प्रतिशतले बढी हो।

गत आर्थिक वर्ष २०८०/८१ मा नेपालमा कुल १४ खर्ब ४५ अर्ब रूपैयाँ रेमिटेन्स भित्रिएको थियो। नेपाल राष्ट्र बैंकको तथ्यांक अनुसार उक्त रकम आर्थिक वर्ष २०७९/८० को तुलनामा १६.५ प्रतिशत बढी हो।यसले नेपालमा प्रतिमहिना औसत एक खर्ब रूपैयाँभन्दा बढीका दरले रेमिटेन्स भित्रिने गरेको देखाउँछ। यो प्रवृत्ति बढ्दो क्रममा छ।

सरकारबाट श्रम स्वीकृति लिएर कामदारका रूपमा विदेश जानेको संख्या र देश भित्रिएको रेमिटेन्सको तालमेल भने मिल्दैन। विद्यार्थी भिसामा विदेश जाने र गैरकानुनी रूपमा जानेको संख्या पनि निकै ठूलो छ।यस अवस्थामा देशले प्राप्त गरेको रेमिटेन्स श्रम स्वीकृति लिएर गएका श्रमिकको मात्र योगदान हो भन्न सकिँदैन। यो लेख भने नेपाली कानुन अनुसार श्रम स्वीकृति लिएर वैदेशिक रोजगारीमा जाने विषयमा केन्द्रित छ।

नेपालको हकमा देशले प्राप्त गर्ने रेमिटेन्स र यहाँको वैदेशिक व्यापार (आयात-निर्यात) का बीचमा केही सम्बन्ध देखिन्छ। आर्थिक वर्ष २०८०/८१ मा नेपालले करिब १६ खर्ब रूपैयाँ बराबरको वस्तु तथा सेवा आयात गर्दा जम्मा साढे एक खर्बको मात्रै निर्यात गर्न सक्यो। आर्थिक वर्ष २०७८/७९ मा रेमिटेन्स आप्रवाह घट्दा विदेशी मुद्रा सञ्चितिमा संकुचन भई राष्ट्रिय ढुकुटीमै नकारात्मक असर परेको थियो। त्यसलाई व्यवस्थापन गर्न आयात नियन्त्रणसहित मौद्रिक नीतिमा कडाइको उपाय अवलम्बन गर्नुपरेको थियो।

बैंक तथा वित्तीय संस्थाहरूको नाफा र समग्र वित्तीय प्रणालीमा लगानीयोग्य रकमको उपलब्धता पनि विदेशबाट प्राप्त हुने रेमिटेन्सबाट प्रभावित हुने गरेको विभिन्न अध्ययनहरूले देखाएका छन्।यसरी विदेशमा काम गर्ने नेपालीहरूले पठाउने रेमिटेन्सको बढ्दो महत्त्वसँगै विशेष गरी नेपालको राजनीति, समाज र अर्थतन्त्रको सन्दर्भमा एउटा भाष्य बनेको छ - नेपाल श्रम निर्यात गर्ने देश हो, विदेशमा काम गर्ने श्रमिकले उनीहरूको पारिश्रमिक देशमा नपठाउने हो भने, नेपालको अर्थतन्त्र मात्रै होइन, समाज र राज्य संयन्त्र पनि चल्दैन।

यसैसँग जोडेर भन्ने गरिएको छ - अर्थतन्त्र चलायमान गराउन, कर्मचारीले तलबभत्ता खान र नेताहरूले सुविधा भोग गर्न वा भ्रष्टाचार गर्न पनि देशबाट भइरहेको कथित श्रम निर्यात अझै व्यवस्थित गर्दै थप ज्याला प्राप्त हुने देशहरूमा श्रमिक पठाउनुपर्छ।सोहीअनुरूप सरकारले बढी ज्याला पाइने नयाँ श्रम-गन्तव्यहरू पहिचान गर्ने, श्रम-सम्झौता गर्ने र पहिल्यैदेखि नेपाली श्रमिकको गन्तव्य बनेका देशहरूसँग न्यूनतम पारिश्रमिक बढाएर नयाँ सम्झौता गर्ने रणनीति अवलम्बन गरेको देखिन्छ।

हालै मलेसिया सरकारले गरेको श्रमिकको न्यूनतम पारिश्रमिक वृद्धि र नेपाली श्रमिकलाई त्यहाँको सामाजिक सुरक्षामा समावेश गर्ने घोषणा सम्बन्धी निर्णय, कतार सरकार द्विपक्षीय श्रम-सम्झौताका लागि लचक बनेको सन्दर्भ र दक्षिण कोरियामा थप श्रमिक पठाउने विषयमा भएको सहजता लगायतलाई नेपाल सरकारले आफ्नो रणनीतिक सफलताका रूपमा अर्थ्याएको छ।

युएईमा घरेलु महिला कामदार पठाउन पाइलट परियोजना सञ्चालन; स्पेन र रोमानिया लगायत युरोपेली देशसँग श्रम-सम्झौताको तयारी र वैदेशिक रोजगारीमा जानेका लागि धितोबिना ऋण उपलब्ध गराउने जस्ता सन्दर्भ वर्तमान श्रममन्त्रीको सयदिने उपलब्धिका रूपमा प्रस्तुत गरिएको छ।

सबै प्रदेशमा वैदेशिक रोजगार बोर्ड विस्तार गर्नेदेखि विदेशमा समस्यामा परेका कामदार-श्रमिकको उद्धार र राहतको विषय सोह्रौं आवधिक योजनामा प्राथमिकताका साथ समेटिएको छ।वैदेशिक रोजगारीका सम्बन्धमा स्थापित भाष्यअनुसार हेर्ने हो भने सरकारले रणनीतिक रूपमा थालेको पहलले नतिजा दिन थालेको देखिन्छ। तथ्यांकले पनि यस्तो संकेत गरेको छ।

तथ्यांक केलाउने हो भने कोभिड-१९ महामारीको अवधिलाई अपवाद मान्दा हरेक वर्ष कामको खोजीमा विदेश जाने नेपालीको संख्या र उनीहरूले पठाउने रेमिटेन्स वृद्धिले यस्तै संकेत गर्छ।सरकारी तथ्यांकलाई नै आधार मान्ने हो भने पनि गत आर्थिक वर्ष २०७९/८० मा वैदेशिक रोजगारीका लागि पहिलो पटक श्रम स्वीकृति लिएर विदेश जाने नेपालीको संख्या ४० प्रतिशतले बढेर करिब तीन लाख पुगेको छ। पुनः श्रम स्वीकृति लिएर जाने करिब तीन लाख छन्।

त्यसबाहेक सोही वर्ष श्रम स्वीकृति नलिई अवैध बाटो भएर जाने वा मापदण्ड नपुग्ने मुलुकहरूमा जाने र विद्यार्थी भिसामा जानेको संख्या पनि करिब साढे एक लाखको हाराहारी देखिन्छ।पढाइका लागि जाने र अवैध रूपमा जानेको तथ्यांक नभए पनि उनीहरूले पठाउने रेमिटेन्स बैंकमार्फत आएको खण्डमा उल्लिखित रेमिटेन्समा समावेश भएको हुन्छ।

यसरी हेर्दा स्थापित भाष्यअनुसार वैदेशिक रोजगारी व्यवस्थापन वा प्रवर्द्धनका लागि सरकारले गरेको प्रयासको प्रतिफल त्यति आकर्षक देखिँदैन।यस पृष्ठभूमिमा वैदेशिक रोजगारीको भाष्य परिवर्तनको समय आइसकेको छ। यस विषयमा गम्भीरतापूर्वक ध्यान नदिने हो भने अबको केही वर्षमा परिस्थिति प्रतिकूल बन्ने प्रबल सम्भावना छ।यस्तो सम्भावनाबाट बच्न नीतिगत तहदेखि समुदायसम्म व्याप्त भ्रम र यथार्थको चिरफार आवश्यक छ।

### श्रम निर्यात कि श्रमिक निर्यात?

अहिले वैदेशिक रोजगारीलाई श्रम निर्यातका रूपमा बुझ्ने गरिएको छ। यसै कारण वैदेशिक रोजगारी थप प्रवर्द्धन गरी अझै धेरै रेमिटेन्स भित्र्याउने रणनीतिमा सरकार र प्रमुख सरोकारवालाहरू लागेका होलान्।विश्व व्यापार संगठन (डब्लुटिओ) अन्तर्गत सेवा व्यापारका सन्दर्भमा स्थापित सिद्धान्तहरूले सेवा व्यापारका चार स्वरूप बताउँछन्।

पहिलोमा स्वदेशमै बसेर अन्तर्देशीय अनलाइन प्रविधि माध्यमबाट विदेशमा विशेषज्ञ सेवा दिने काम पर्छ। दोस्रोमा विशेष काम वा पर्यटनको सिलसिलामा आएका विदेशी उपभोक्तालाई स्वदेशमा सेवा दिने काम पर्छ।तेस्रोमा संगठित संस्था वा कम्पनीले विदेशी भूमिमा शाखा वा सेवा केन्द्र खोलेर सेवा प्रवाह गर्ने र चौथोमा प्राकृतिक व्यक्ति स्वयं विदेशमा गएर काम-सेवा गर्ने स्वरूप पर्छ।

यसरी डब्लुटिओले परिभाषित गरेअनुरूप नै नेपालबाट श्रम तथा सेवा निर्यात भएको भए नेपाल र नेपालीको अवस्था अहिले निकै राम्रो भइसकेको हुन्थ्यो होला। यथार्थ बिल्कुल फरक छ, यहाँ त श्रम होइन, श्रमिकहरू खुलेआम निर्यात भइरहेका छन्।यसरी वैदेशिक रोजगारीका नाममा भइरहेको श्रमिक निर्यातका कारण यहाँको सामाजिक अवस्था विकराल बन्दै गएको छ।

> डब्लुटिओले परिभाषित गरेअनुरूप नै नेपालबाट श्रम तथा सेवा निर्यात भएको भए नेपाल र नेपालीको अवस्था अहिले निकै राम्रो भइसकेको हुन्थ्यो होला। यथार्थ बिल्कुल फरक छ, यहाँ त श्रम होइन, श्रमिकहरू खुलेआम निर्यात भइरहेका छन्।यसरी वैदेशिक रोजगारीका नाममा भइरहेको श्रमिक निर्यातका कारण यहाँको सामाजिक अवस्था विकराल बन्दै गएको छ।

### श्रमिक निर्यात मात्रै कि मर्यादित वैदेशिक रोजगारी?

वैदेशिक रोजगारीका स्थापित मान्यता आत्मसात् गर्दै श्रमिकको हित र मानव अधिकार रक्षासहित आधारभूत सीप वा विज्ञतायुक्त श्रम निर्यात हुनुपर्छ भन्ने बहस सुरू भएको धेरै भइसकेको छ।यसअनुसार काम भएको भए नेपालीहरूले विदेशी भूमिमा बन्धक बनेर, जघन्य हिंसा सहेर र कानुनी उपचार नपाएर पीडित हुनुपर्ने थिएन। मानवीय सहयोग र उद्धारसमेत नपाएरै मर्नुपर्ने थिएन।

श्रमिकको साटो श्रम निर्यात गरिएको हुन्थ्यो भने श्रमिकलाई कुन देशमा के काम गर्न जाँदैछु वा कति पैसा खर्च गरेर कति कमाइ हुने काममा जाँदैछु, म जाने मुलुकमा के गर्न हुन्छ र के गर्न हुँदैन लगायतबारे थाहा हुने थियो। आधारभूत तालिम लिएको र सीप सिकेको हुने थियो। श्रम निर्यात गरिन्थ्यो भने यस्तो आधारभूत जानकारी नै नभएका र गन्तव्य मुलुकको भाषा बुझ्ने क्षमता समेत नभएका व्यक्तिलाई विदेशी भूमिमा जान प्रोत्साहित गरिने थिएन।

वस्तुसरह श्रमिक निर्यात गरेर आएको रेमिटेन्सबाट देशको अर्थतन्त्र कतिसम्म धानिएला!विद्यार्थी भिसामा विकसित मुलुकमा गएका हुन् वा लुकिछिपी अमेरिका गएका, ती सबैले केही वर्षमा ऋण तिर्छन् र परिवार पनि उतै पुऱ्याउँछन्। यस्ता व्यक्तिहरूबाट रेमिटेन्स आउँदैन। त्यस्तो परिवारबाट चल्तीको भाष्य अनुसारको वैदेशिक रोजगारीमा जाने व्यक्ति पनि बाँकी रहँदैन।

### आर्थिक लाभ कि सामाजिक लागत?

विद्यमान वैदेशिक रोजगारीबाट राष्ट्रले आर्थिक लाभ लिँदैछ कि सामाजिक लागत बेहोर्दै छ भन्ने विषयमा पनि बहस हुने गरेको छ। वैदेशिक रोजगारीले आर्थिक सशक्तीकरण र गरिबी न्यूनीकरणमा योगदान नगरेको पनि होइन तर त्योभन्दा बढी लागत बेहोर्नुपरेको छ।

सुरूआती चरणमा उत्साहित भएर नयाँ श्रम गन्तव्यहरू खोजी गरियो, आप्रवासन नीतिमा सरलीकरण गरियो तर श्रमिक पठाउने काम बिस्तारै राजनीतिक दलका नेता र कार्यकर्ताहरूको व्यावसायिक साझेदारी (बिजनेस भेन्चर) का रूपमा प्रवर्द्धन गरियो।त्यसपछि युवा व्यवस्थापनको नाममा स्वदेशमै योगदान गर्न सक्ने दक्ष जनशक्ति पनि विदेश पलायन हुन प्रोत्साहित गरियो। शैक्षिक परामर्शका नाममा दलका नेता र कार्यकर्ताको अघोषित व्यावसायिक सञ्जाल सिर्जना गरियो।

कुनै परिवारको कम्तीमा एक सदस्य वैदेशिक रोजगारीमा छैन भने त्यस परिवारले प्रगति गर्न नसकेको भन्ने सामाजिक संस्कार निर्माण गरियो। स्थानीय तहको निर्वाचनमा कतिपय प्रत्यासीहरूले आफूले जितेमा विदेश पठाइदिने भनेर पनि भोट मागे।


यसरी हेर्दा वैदेशिक रोजगारीलाई आर्थिक रूपान्तरणको संवाहकका रूपमा परिभाषित गरेर प्रवर्द्धन गरेअनुसार राष्ट्रलाई आर्थिक लाभ हुन सकेको छैन। यसको समग्र लाभ-लागत अध्ययन र विश्लेषण नभएकाले सामाजिक लागत यति नै हो भन्न सकिँदैन तर समाजले वैदेशिक रोजगारीको लागत स्पष्ट देखिने गरी बेहोरेको छ।

वैदेशिक रोजगारीका कारणले भएको सम्बन्ध विच्छेद, पारिवारिक विखण्डन, कलह, हत्या, हिंसा, आत्महत्या र शरीर बन्धक जस्ता घटनाका औपचारिक दस्तावेजहरू सर्सर्ती हेर्दा पनि त्यसको सामाजिक लागत थाहा हुन्छ।

पारिवारिक विखण्डनले बालबालिकामा परेको मनोसामाजिक असरको लागत त बहसको विषय बनेकै छैन।अन्त्यमा, नेपालको आन्तरिक श्रम बजारको माग र आपूर्तिको विश्लेषणमा हाल नेपाल श्रमिक न्यून राष्ट्र हो। यहाँ यस्तो कुनै क्षेत्र वा पेसा छैन जहाँ विदेशी श्रमिकको भर पर्नु नपरोस्। कुनै ठाउँ छैन जहाँ विदेशी श्रमिक नपुगेको होस्।

यसरी हेर्दा नेपालमा भित्रिएको रेमिटेन्सभन्दा बढी रकम बाहिरिएको हुन सक्छ। यसतर्फ पनि गतिलो अध्ययन भएको छैन।यो सबै सन्दर्भमा हेर्दा वैदेशिक रोजगारीलाई युवा व्यवस्थापनको साधनका रूपमा नलिएर आन्तरिक र वाह्य श्रम बजारका विविध पाटाहरूको समष्टिगत अध्ययन गरी वैदेशिक रोजगारी, यसको भाष्य र सामाजिक संस्कार परिवर्तनमा अर्थपूर्ण पहलकदम आवश्यक छ।

# पत्रकार सुरक्षाको सवालमा महासङ्घ नेतृत्वको घातक मौनता



शालीग्राम पाण्डे




नेपालको संविधानको प्रस्तावनामा पूर्ण प्रेस-स्वतन्त्रता पदावली उल्लेख गरिए पनि व्यवहारमा अभिव्यक्ति स्वतन्त्रताका संवाहक पत्रकारहरू सुरक्षित छैनन्। रक्षक नै भक्षक भनेजस्तो राज्यको सुरक्षा निकायबाटै जानाजान र हाकाहाकी पत्रकारहरूमाथि भौतिक आक्रमणका घटनाहरू हुने गरेका छन्।

पत्रकारहरूलाई सुरक्षाको प्रत्याभूति दिने काम सरकार तथा सुरक्षानिकायको हो। लोकतान्त्रिक शासन व्यवस्थामा हतियार प्रयोग गरी तानाशाहीतन्त्र चलाउने छुट कसैलाई छैन। पत्रकारविरुद्ध सुरक्षानिकायबाट एकपछि अर्को भौतिक आक्रमणको घटना हुनुले पत्रकारजगत मर्माहत भएको छ। देशैभरी पत्रकारहरू भौतिक आक्रमणको त्रासदीपूर्ण अवस्था ब्यहोर्न बाध्य बनाइएका छन्। सार्वजनिक ठाउँमा डराएर समाचार सङ्कलन कार्य गर्नुपर्ने परिस्थिति सिर्जना भएको छ। संविधानप्रदत्त सार्वजनिक अभिव्यक्ति स्वतन्त्रताको सवाल प्रश्नको घेरामा परेको छ।

उल्लिखित चिन्ताजनक पृष्ठभूमिको पछिल्लो उदाहरण हालै पोखरामा देखापरेको छ। पूर्वगृहमन्त्री रवि लामिछाने पक्राउविरुद्ध भएको प्रदर्शनको समाचार सङ्कलन गरिरहेको अवस्थामा सुरक्षाकर्मीहरूले पब्लिक टेलिभिजनका क्यामेरापर्सन र कान्तिपुर टेलिभिजनका संवाददातालाई मर्माहत हुनेगरी कुटपिट गरेका छन्। गत मङ्गलबार भएको सो घटनामा पब्लिक टेलिभिजनको गण्डकी छड्के कार्यक्रमका राजकुमार माझी, खेलकुद पत्रकार विनोद लामी छाने र कान्तिपुर टेलिभिजनका इन्द्रप्रसाद पौडेललाई प्रहरी समूहले घेरा हाली लट्ठी र लात्तले कुटपिट गरेको हो। सो अनपेक्षित घटनामापरी माझी र पौडेलको शरीरमा चोट लाग्नुका साथै क्यामेरामासमेत क्षति पुगेको छ।

पत्रकार भन्ने चिन्दाचिन्दै प्रहरी समूहद्वारा भएको यस ज्यादतीलाई आम पत्रकार जगत र जनवृत्तले सामान्य रूपमा लिन मिल्दैन। गण्डकी छड्के कार्यक्रमसम्बद्ध पत्रकारहरूलाई यसअघि पनि प्रहरीले दुर्व्यवहार गरेको घटना सार्वजनिक भएको थियो। पत्रकार भन्ने पहिचान खुल्दाखुल्दै कार्यस्थलमा पत्रकारउपर निर्घात कुटपिट भएको यो घटना पूर्णतः नियोजित देखिएको छ। यस घटनाको हामी घोर भत्सर्ना गर्छौं। साथै दोषी पहिचान गरी विभागीय कारबाही गरिएको विवरण तत्काल सार्वजनिक गर्न गृह मन्त्रालय तथा प्रहरी प्रतिष्ठानसँग जोडदार माग गर्छौं।

यता, पत्रकारको भौतिक सुरक्षासँग सम्बन्धित यस्तो गम्भीर विषयमा पत्रकार महासङ्घ केन्द्रीय नेतृत्वको ठोस प्रतिक्रिया सार्वजनिक भएको पाइएको छैन। उनीहरूको मौनताले आम पत्रकारवृत्तमा सुरक्षाप्रति चिन्ता थपेको छ। पत्रकारको पेसागत सुरक्षाका लागि गठित निकायको मौनताले पत्रकारितामा सेल्फ-सेन्सरसिप (स्वनियन्त्रण)को मात्रा पनि बढाएको छ।

नियतवश पत्रकारउपर सामूहिक आक्रमण गर्ने प्रहरीहरूलाई घटना भएको एक साता बितिसक्दा पनि कारबाही भएको सूचना बाहिरिएको छैन। नेपाल पत्रकार महासङ्घ कास्की र सम्बद्ध सञ्चारसंस्थाले सुरक्षा निकायविरुद्ध विज्ञप्तिबाजी र प्रमुख जिल्ला अधिकारीलाई ध्यानाकर्षण-पत्र बुझाउनेबाहेक अरू केही गरेको पाइएको छैन। जबकि पत्रकार महासङ्घको केन्द्रीय नेतृत्वले दोषीलाई कारबाहीका लागि सडकमा उत्रेर दबाब दिने आमपत्रकारहरुको अपेक्षा थियो।

पूर्ण प्रेस-स्वतन्त्रता संविधानमा लेखेर मात्र हुँदैन, व्यवहारमा लागू हुनुपर्छ। तानाशाह, निरंकुशता हेरेर, सहेर बस्नु कायरहरुको काम हो, साहसिक पेसा पत्रकारिता गर्नेहरुका हकमा त्यो सुहाउँदैन। पत्रकारउपर कुटपिट गर्ने, मार्ने धम्की दिने, अभद्र व्यवहार गर्ने, प्रहरीले घेरा हालेर लाठी-बुट प्रहार गर्ने कार्यलाई माफी दिन मिल्दैन। पत्रकारउपर कुटपिट गर्ने सुरक्षाकर्मी, नेता, कर्मचारी जोसुकै भए पनि कारबाहीको दायरामा ल्याउनु पर्छ।

नेपालमा सुरक्षानिकायबाट पत्रकारहरु असुरक्षित भएको फेहरिस्त लामो छ। पत्रकार महासङ्घका तत्कालीन अध्यक्ष विष्णु निष्ठुरीलाई सुरक्षाकर्मीले ज्यान लिने सम्भावना देखिएपछि भूमिगत हुनुपरेको थियो। पत्रकार कृष्ण सेन इच्छुकलाई सुरक्षाकर्मीले कठोर यातना दिएर मारेका थिए। यी र यस्ता गम्भीर घटनाहरु अहिलेको सत्ताराजनीतिमुखी पत्रकार महासङ्घका पदाधिकारीले बिर्सनु स्वाभाविक होला तर सच्चा कलमजीवीहरुले बिर्सेका छैनन्, बिर्सिने छैनन्।

पत्रकारउपर गरिएको कुटपिट र प्रहरी ज्यादतीविरुद्ध सुनसरीका पत्रकारहरु पटक-पटक चरणबद्ध रुपमा आन्दोलित भएको इतिहास छ। पत्रकारहरु दोषीलाई कारबाहीको मागसहित सडकमा उत्रिँदा पत्रकारउपर धावा बोल्ने सुरक्षाकर्मीलाई केही न केही नसिहत दिएको उदाहरण पनि छ। वर्तमान अवस्थामा भने पत्रकार नेतृत्वले पत्रकार सुरक्षाको सवाललाई प्राथमिकता नदिएको अनुभूति भएको छ।

नयाँ संविधान बन्नुअघि पत्रकारहरू एक थिए। पत्रकार नेतृत्वले श्रमजीवी पत्रकारको समस्या बुझ्ने गरेका थिए। पत्रकारको सुरक्षा हुनुपर्छ भनेर सबैले एकै स्वरमा बोल्ने गरेका थिए। २०७२ सालको संविधानमा पूर्ण प्रेस-स्वतन्त्रता लेखिएपछि भने त्यसैलाई महान् उपलब्धि करार गर्दै पत्रकारहरू पत्रकारिता कम राजनीति र सत्ताको दलाली बढी गर्न लागेको देखिन्छ। दलका नेतानिकट, राजनीतिक पार्टीको कारिन्दा, विज्ञापनमा दलाली गर्ने, समाचार लुकाएर रकम असुली गर्ने, पार्टी झोला भिरेर महासङ्घको विभिन्न पदमा पुग्ने, पत्रकार परिचयपत्र देखाएर राज्यबाट विभिन्न सुविधा तथा लाभको पद प्राप्त गर्नेको बिगबिगी भएकोपाइन्छ। त्यस्ताहरुको बीचमा देश र जनताको हितमा समाचार लेख्ने, भ्रष्टाचार र अनियमितताविरुद्ध समाचार लेख्ने पत्रकारको आवाज कमजोर हुनुका साथै आम पत्रकारहरुको भौतिक सुरक्षामा चिन्ता थपिएको छ।

देशमा अपवादबाहेक पत्रकारिता कर्म सकिएबराबर छ। पत्रकारिताको नाममा पर्चाकारिता फस्टाएको पाइन्छ। कलमको माध्यमबाट आवाजविहीनहरूको आवाज बन्नुपर्ने पत्रकारवृत्तमा विद्यमान विभाजन पनि आम पत्रकारहरु हेपिने र पटक-पटक भौतिक आक्रमणमा पर्नुपर्ने एक कारक बनेको पाइन्छ। पत्रकार हुँदैमा गलत काम गर्ने छुट कसैलाई छैन, कानुनअनुसार दण्डित हुनुपर्छ। यो गम्भीर विषयतर्फ समय छँदै सबैको ध्यानाकर्षण हुनु जरुरी छ। अन्यथा नेपाली लोकतन्त्र, अभिव्यक्ति स्वतन्त्रता र पूर्णप्रेस-स्वतन्त्रता आदि भनिएका उपलब्धि र अपेक्षाले गम्भीर क्षति ब्यहोर्नुपर्ने निश्चित छ।

# धर्मका नाममा राजनीति हुनु हुँदैनः प्रधानमन्त्री



काठमाण्डु । प्रधानमन्त्री केपी शर्मा ओलीले कुनै पनि धर्मका नाममा राजनीति हुन नहुने बताउनुभएको छ । प्रधानमन्त्री निवासमा मंगलबार जैनश्वेताम्बर तेरापन्थ सभाका पदाधिकारीसँगको भेटमा प्रधानमन्त्रीले धर्म निरपेक्ष हाम्रो मुलुकमा राज्यले सबै धर्मलाई सम्मान गर्ने भएकाले यसका नाममा राजनीति हुन नहुने बताउनुभएको हो ।

"नेपालमा एकातिर हिन्दू राज्य हुनुपर्छ भनेर अभियान चलाइएको छ । अर्कातिर इसाई धर्म विस्तारका नाममा गरिबीको दुरुपयोग गरिएको छ", प्रधानमन्त्री ओलीले भन्नुभयो, "यस्ता कुराहरुलाई हामी क्रमशः नियन्त्रण गर्छौं । हामीले कुनै पनि धर्मका नाममा असहिष्णुता र सङ्कीर्णता राख्नु हुँदैन । कुन धर्म मान्ने भन्ने मान्छेको व्यक्तिगत आस्थाको कुरा हो । त्यसको हामी सम्मान गर्छौं ।"

त्यस अवसरमा आचार्य महाश्रमणका शिष्यहरु रमेशकुमार र रत्नकुमारले समाजमा नैतिकता, सद्भावना, मानवता, नशामुक्त समाज निर्माणका साथै शान्तिका लागि आफूहरुले गरेका कामबारे प्रधानमन्त्रीलाई जानकारी दिनुभएको थियो । रासस

# नेपालको विकास प्रयासमा अष्ट्रेलियाले सघाउने

काठमाण्डु । उद्योग, वाणिज्य तथा आपूर्तिमन्त्री दामोदर भण्डारीसँग नेपालका लागि अष्ट्रेलियाका राजदूत लियान जोन्स्टनले शिष्टाचार भेट गर्नुभएको छ ।

मन्त्री भणडारीको कार्यकक्षमा मंगलबार भएको भेटमा उहाँहरूबीच नेपाल-अष्ट्रेलिया सम्बन्धका साथै आपसी हित र चासोका विविध विषयमा छलफल भएको उद्योग, वाणिज्य तथा आपूर्तिमन्त्रीको निजी सचिवालयले जनाएको छ ।

सन् १९६० मा नेपाल र अष्ट्रेलियाबीच कूटनीतिक सम्बन्ध स्थापना भएयता पारस्परिक मैत्री, सहयोग र साझेदारी प्रगाढ बनेको चर्चा गर्दै मन्त्री भण्डारीले जनस्वास्थ्य, जीविकोपार्जन र मानव संसाधन विकासलगायत क्षेत्रमा अष्ट्रेलियाबाट प्राप्त सहयोगप्रति कृतज्ञता ज्ञापन गर्नुभयो । सन् २०२६मा नेपाल अतिकम विकसित देशबाट विकासशील राष्ट्रमा स्तरोन्नति हुन लागेको सन्दर्भमा नेपाललाई थप वैदेशिक सहयोग आवश्यक पर्ने भएकाले त्यसतर्फ राजदूत जोन्स्टनको ध्यानाकर्षण गराउनुभयो । राजदूत जोन्स्टनले मन्त्री भण्डारीद्वारा व्यक्त चासोप्रति सकारात्मक जवाफ दिनुभएको थियो ।

साथै उहाँले नेपालको विकास प्रयासमा सघाउन तथा अष्ट्रेलिया-नेपाल सम्बन्ध विस्तारका निम्ति आफू प्रतिबद्ध रहेको बताउनुभयो ।रासस

# कोप-२९ नेपालका लागि आफ्ना विषय राख्ने उपयुक्त अवसर हो : राष्ट्रपति पौडेल

बाकु । राष्ट्रपति रामचन्द्र पौडेलले जलवायु परिवर्तनसम्बन्धी संयुक्त राष्ट्रसङ्घीय संरचना महासन्धि पक्ष राष्ट्रहरुको शिखर सम्मेलन कोप-२९ मा नेपालका लागि आफ्ना विषय राख्ने उपयुक्त अवसर भएकाले यसको सदुपयोग गर्नुपर्नेमा जोड दिनुभएको छ ।

कोप-२९ मा सहभागी हुन उच्चस्तरीय नेपाली प्रतिनिधिमण्डलको नेतृत्व गर्दै बाकुमा रहनुभएका राष्ट्रपति पौडेलले यहाँस्थित ट्रेन्ड न्यूज एजेन्सीसँगको कुराकानीका क्रममा जलवायु परिवर्तनका कारण नेपाल जस्ता मुलुकले ठूलो समस्या भोग्नु परेको र विश्वले यस विषयमा विशेष ध्यान दिनुपर्ने बताउनुभयो ।

"जसरी बढ्दो जलवायु परिवर्तनका कारण मानव सभ्यता, संस्कृति र पृथ्वीलाई नै चुनौती दिइरहेको छ, यसले हामीलाई इतिहासको महत्वपूर्ण मोडमा ल्याएको छ", राष्ट्रपति पौडेलले भन्नुभयो, "अवस्था यति गम्भीर छ कि संयुक्त राष्ट्रसङ्घले विद्यमान जलवायु सङ्कट समाधानका लागि उपयुक्त उपाय अवलम्बन गर्न असफल भयौँ भने यस शताब्दीको अन्त्यसम्म तापक्रम तीन दशमलव १० डिग्री सेल्सियससम्म वृद्धि हुनसक्ने चेतावनी दिएको छ ।"

राष्ट्रपति पौडेलले विश्व नै जलवायुसम्बन्धी समस्यामा परेको र यी समस्या समाधानका लागि हामी सबै एकजुट हुनुको विकल्प नभएको उल्लेख गर्नुभयो । उहाँले कोप प्रेसिडेन्सी ट्रोइकाले तयार पारेको मार्गचित्रमा सहकार्यका लागि नेपाल तयार रहेको तथा हरित विश्वको अवधारणामा आफ्नो ऐक्यबद्धता रहेको समेत स्पष्ट पार्नुभयो । साथै बाकुमा आयोजना भएको यस सम्मेलनलाई सफल पार्न नेपालको पूर्ण सहयोग रहने उहाँको भनाइ थियो ।



**कोप-२९ का प्राथमिकता**

राष्ट्रपति पौडेलले कोप-२९ लाई नेपालले आफ्ना मुद्दा उठाउने अवसरका रुपमा लिएको बताउनुभयो । "म यस सम्मेलनमा जलवायुजन्य विपत्तिसँग सम्बन्धित विभिन्न मुद्दामा नेपालको पक्षलाई सशक्त रुपमा प्रस्तुत गर्नेछु र कोपबाट प्राविधिक तथा अनुकूलन उपाय समेत खोजी गर्नेछु", अन्तर्वार्ताका क्रममा उहाँले भन्नुभयो, "जलवायुसम्बन्धी देखिएका मुद्दामा गहिरो छलफल आवश्यक छ, किनभने यस्तै समस्याका कारण नेपाल केही समय अघि अनपेक्षित र अधिक वर्षाका कारण निकै प्रभावित भएको छ । उक्त प्राकृतिक विपत्तिका कारण दुई सयभन्दा बढी मानिसले ज्यान गुमाएका छन् भने महत्वपूर्ण पूर्वाधारमा ठूलो क्षति पुगेको छ ।"

राष्ट्रपति पौडेलले उक्त प्राकृतिक विपत्तिका कारण कम विकसित र भूपरिवेष्ठित मुलुकले लाखौँ डलरको क्षति बेहोर्नु परेको समेत उल्लेख गर्नुभयो । उहाँले विश्वव्यापी रुपमा बढ्दो तापक्रमका कारण हिमालको हिउँ पग्लने क्रम तीव्र गतिमा बढेको र सेता हिमाल काला पहाडमा परिणत हुँदै गएकामा चिन्ता व्यक्त गर्नुभयो ।

"हिमनदी फुट्न थालेका छन्, जसले प्राकृतिक रुपमा ठूलो विनाश ल्याएको छ, हिमालभन्दा मुनी बसोबास गरिरहेका मानिसहरुमा यसले गम्भीर खतरा उत्पन्न गराएको छ", उहाँले भन्नुभयो, "जलवायु परिवर्तनका कारण हिमाल र पहाडमा देखिएको सङ्कट विश्वव्यापी मुद्दा हो । यो नेपाल जस्ता मुलुकको मात्रै नभइ सबैको समस्या हो ।"

राष्ट्रपति पौडेलले जलवायु परिवर्तनका कारण स्वच्छ पानीको स्रोत सुक्दै गएको बताउनुभयो । "स्वच्छ पानीको स्रोत हिमाल भएका कारण नेपाल भाग्यशाली मुलुक हो, जलवायुसम्बन्धी असर हिमालमा ठूलो छ, जलवायु परिवर्तनप्रति उच्च जोखिमको दृष्टिले पनि नेपाल हरित जलवायु कोषको विशेष हकदार रहेको म स्पष्ट पार्न चाहन्छु", उहाँले भन्नुभयो । जलवायुसम्बन्धी चुनौतीको सामना गर्न नेपालले सीमित स्रोतका बाबजुद पनि उल्लेख्य प्रयास गरिरहेको उहाँको भनाइ थियो ।

सो अवसरमा राष्ट्रपति पौडेलले नेपालले सन् २०४५ सम्म कार्बन तटस्थता हासिल गर्ने र सन् २०५० सम्ममा कार्बन उत्सर्जनमा कमी ल्याउने लक्ष्यका साथ काम गरिरहेको उल्लेख गर्नुभयो । त्यसैगरी, नेपालले सन् २०३० सम्म वनको क्षेत्रफल ४५ प्रतिशतसम्म पुऱ्याउने लक्ष्य लिएकामा उक्त लक्ष्य हासिल भइसकेको बताउनुभयो ।

"म यस सम्मेलनमा जलवायुजन्य विपत्तिसँग सम्बन्धित मुद्दाहरुमा हाम्रा पक्षलाई दृढतापूर्वक प्रस्तुत गर्नेछु र जलवायु वित्त सहयोग तथा प्राविधिक ज्ञानका लागि उपयक्त उपायको खोजी गर्नेछु", राष्ट्रपति पौडेलले भन्नुभयो । उहाँले जलवायुसम्बन्धी समस्यासँग जुध्नका लागि नेपाललाई पर्याप्त आर्थिक सहयोग आवश्यक रहेको र कोषको परिचालन नेपाल जस्ता राष्ट्रहरुमा उचित तवरले बिना कुनै अवरोध वितरण हुनुपर्नेमा समेत जोड दिनुभयो ।

**जलवायु वित्तको सुनिश्चितता**

राष्ट्रपति पौडेलले साना तथा सीमित स्रोत भएका राष्ट्रहरु जो जलवायु परिवर्तनबाट सबैभन्दा बढी प्रभावित भएका छन् उनीहरु जलवायु न्यायका लागि हकदार भएको समेत उल्लेख गर्नुभएको छ । "साना राष्ट्रहरूले कार्बन उत्सर्जनमा कम जिम्मेवार हुँदा पनि बढी प्रभावित भइरहेको अवस्था छ, उदाहरणका लागि नेपालले हरितगृह ग्यास उत्सर्जनमा ठूलो योगदान नगरे पनि जलवायु परिवर्तनका कारण सबैभन्दा बढी प्रभावित हुने मुलुकमा पर्छ । जलवायु जोखिमको मापदण्डमा पनि प्रभावित हुने देशमा नेपाल १०औँ स्थानमा छ", उहाँले भन्नुभयो ।

राष्ट्रपति पौडेलले जलवायु परिवर्तनको असर राष्ट्रिय जीवनमा देखिन थालेको बताउनुभएको छ । जलवायुसम्बन्धी असरका कारण कृषिजन्य वस्तुको उत्पादनमा ह्रास आउनु, आन्तरिक बसाइसराइ, स्वच्छ पानी स्रोत सुक्दै जानु, जैविक विविधतामा असर पर्नु, रणनीतिक पूर्वाधारमा क्षति पुग्नु, उब्जाउ जमिनको माटो क्षयिकरण हुनुका साथै प्रत्येक वर्ष मानव जीवनको क्षति भइरहेको उहाँको भनाइ थियो ।

उहाँले नेपाल र अन्य कम विकसित तथा आइल्याण्ड राष्ट्रले जलवायु वित्त प्रणालीमा आफ्ना मुद्दाहरु प्राथमिकताका साथ उठान गर्नु अत्यावश्यक भइसकेको समेत स्मरण गराउनुभयो । "जलवायु कोष वितरण प्रणाली सजिलो, विवेकपूर्ण र छिटो हुनुपर्छ, कोष अनुदानका रुपमा वा राष्ट्रिय बजेटरी प्रणालीमार्फत वितरण गर्नुपर्छ । हानी तथा क्षतिपूर्ति कोष बढाउनु पनि आवश्यक छ ताकी पीडित विकासोन्मुख राष्ट्रहरुले थप कष्ट भोग्नु नपरोस", उहाँले भन्नुभयो ।

राष्ट्रपति पौडेलले पहाडी र समुन्द्रको पारिस्थितिकीय प्रणालीको सम्बन्ध जोड्न आवश्यक रहेको उल्लेख गर्नुभयो । उहाँले हिमनदी पग्लदै जाँदा यसको असर तलसम्म पर्ने भएकाले कम विकसित मुलुक र विकासिल साना आइल्याण्ड राष्ट्रलाई संस्थागत रुपमै जोड्ने आवश्यक भएको बताउनुभयो । उहाँले कम विकसित मुलुक र विकासशिल साना आइल्याण्ड राष्ट्रहरु एकजुट हुने हो भने जलवायु परिवर्तनसम्बन्धी मुद्दामा लड्न सजिलो हुने बताउनुभयो ।

**जलवायु वित्त कार्य कोष**

राष्ट्रपति पौडेलले अजरबैजानले जलवायु वित्त कार्य कोष स्थापना गर्ने प्रस्तावबारे सकारात्मक प्रतिक्रिया जनाउँदै यो आवश्यक रहेकामा जोड दिनुभयो । "कोषहरुको प्रभावकारी वितरण हाम्रो लक्ष्य प्राप्तिका लागि महत्वपूर्ण छ, हामी कोष प्रणाली सरल र असुरक्षित राष्ट्रहरुको प्राथमिकताका आधारमा सजिलै पहुँच योग्य होस् भन्ने चाहन्छौँ", उहाँले भन्नुभयो ।

**नवीकरणीय ऊर्जाको विकासमा सहकार्यको सम्भावना**

राष्ट्रपति पौडेलले नवीकरणीय ऊर्जा विकासमा नेपाल र अजरबैजानबीच द्विपक्षीय सहकार्यका सम्बन्धमा सम्भावना रहेको बताउनुभएको छ । "दुवै मुलुकले आफ्ना प्राकृतिक स्रोत दोहन नगरी नवीकरणीय ऊर्जाको विकासका सम्बन्धमा आफ्ना अनुभव आदानप्रदान गर्न सक्नेछन्", उहाँले भन्नुभयो, "नेपालले पनि क्लिन ऊर्जा उत्पादन र विकासमा राम्रो काम गरिरहेको छ । हामी अजरबैजानसँग आफ्ना अनुभव साट्न तयार छौँ ।"

अजरबैजानले चुनढुङ्गा, तामा, जस्ता, फलामलगायतका प्राकृतिक स्रोत उपयोगको कटौतीमा उल्लेख्य सफलता प्राप्त गरेकाले उक्त अनुभव नेपालका लागि फाइदाजनक हुने राष्ट्रपति पौडेलको भनाइ थियो । यसप्रकारको द्विपक्षीय सम्बन्धले सीप र प्रविधि हस्तान्तरण मात्रै नभइ दुई देशको सम्बन्धलाई अझ बलियो बनाउन सहयोग पुग्ने उहाँले विश्वास व्यक्त गर्नुभयो ।

(कोप २९ मा सहभागी हुने सिलसिलामा अजरबैजानको राजधानी बाकुमा रहनुभएका राष्ट्रपति पौडेलसँग अजरबैजानको ट्रेन्ड न्यूज एजेन्सीका प्रतिनिधि लमान जिनालोभले लिनुभएको अन्तर्वार्ताको भावानुवाद)रासस

# यी हुन् कोपमा नेपालका अपेक्षा

बाकु । जलवायु परिवर्तनसम्बन्धी संयुक्त राष्ट्रसङ्घीय संरचना महासन्धि (युएनएफसीसीसी) का पक्ष राष्ट्रहरुको सम्मेलन कोप-२९ यही सोमबारदेखि अरजरबैजानको बाकुमा सुरु भएको छ । आगामी मङ्सिर ७ गतेसम्म चल्ने उक्त कोप सम्मेलनमा भाग लिन नेपाली प्रतिनिधिमण्डलको नेतृत्व गर्दै राष्ट्रपति रामचन्द्र पौडेल सोमबार बाकु पुगिसक्नुभएको छ ।

कोप-२९ मा पर्वतीय मुद्दाका विषयमा प्राथमिकताका साथ छलफल हुने, जलवायु बित्त बढाउन विकासशील मुलुकहरु सहमतिमा आउने, पेरिस सम्झौता कार्यान्वयनका लागि सकारात्मक प्रतिक्रिया प्राप्त हुने, कार्वन व्यापारका लागि विश्वबजार सुनिश्चित हुने, अनुकूलन तथा जलवायु न्यूनीकरण र जलवायुजन्य हानि नोक्सानीका लागि आवश्यकता पर्ने वित्तीय व्यवस्थापन हुने अपेक्षा गरिएको छ ।



विगतका सम्मेलनमा जस्तै कोप-२९ मा पनि नेपालले जलवायुका कारण पर्वतीय क्षेत्रमा परेका समस्या न्यूनीकरणका लागि पहल गर्ने र पर्वतीय क्षेत्रका सुरक्षाका लागि आवाज उठाउने तयारी गरिरहेको छ । सम्मेलनमा भाग लिने क्रममा अजरबैजानको बाकुमा रहनुभएका राष्ट्रपति पौडेलले यस वर्षको कोपमा हिमाल र पृथ्वीको सुरक्षाका लागि आवाज उठाउने प्रतिबद्धता व्यक्त गर्नुभएको छ । एक सय ९२ भन्दा बढी मुलुकका राष्ट्र तथा सरकारप्रमुखदेखि उच्च पदस्थ अधिकारीसामु उहाँले हिमालको सुरक्षाको मुद्दालाई प्राथमिकताका साथ प्रस्तुत गर्ने कार्यक्रम तय भएको राष्ट्रपतिको सचिवालयले जनाएको छ । सचिवालयका अनुसार राष्ट्रपति पौडेलले कोप सम्मेलनमा जलवायु परिवर्तनको असरका कारण बढेको जोखिमका उदाहरणहरू समेत प्रस्तुत गर्दै हुनुहुन्छ ।

राष्ट्रपति पौडेलका वन तथा वातावरण सल्लाकार डा प्रमेश्वर पोखरेल जलवायु परिवर्तनले निम्त्याएका समस्या समाधानका लागि स्पष्ट मार्गचित्रसहित विश्वको ध्यानाकर्षण गर्न कोप सफल हुने बताउनुहुन्छ ।

यसैगरी जलवायुजन्य परिस्थितिले सिर्जना गरेका विपद्जन्य घटनाका विभिन्न उदाहरण कोपमा प्रस्तुत गरिने कार्यक्रम रहेको जानकारी दिँदै वन तथा वातावरण मन्त्रालयअन्तर्गत जलवायु परिवर्तन व्यवस्थापन महाशाखाका प्रमुख डा सिन्धुप्रसाद ढुङ्गाना भन्नुहुन्छ, "बेमौसमी विपद्, थामेको हिमपहिरो, विपद्जन्य घटनाहरु हामी कोपमा प्रस्तुत गर्नेछौँ । जलवायुजन्य हानी नोक्सानीका लागि बित्तीय पहुँचबारे पैरवी गरी विश्वको ध्यान नेपालतर्फ आकर्षित गर्न अधिकतम प्रयास गर्नेछौँ ।"

प्रधानमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयका सचिव डा कृष्णहरि पुस्करले नेपालले कार्वन उत्सर्जन गराउनमा नगन्य भूमिका खेले पनि विकसित मुलुकहरुले उत्सर्जन गराएको कार्वनडाईअक्साईडले निम्त्याएको जलवायुजन्य समस्या नेपालजस्ता मुलुकले खेप्नुपरेको उल्लेख गर्दै जलवायु वित्तमा सहज पहुँच र जलवायु न्याय कोपमा सुनिश्चित हुनुपर्नेमा जोड दिनुभयो । जलवायुविद् मञ्जित ढकालले विश्वव्यापीरूपमा बढ्दो जलवायु प्रभावहरू र नेपालमा भएका विनाशकारी बाढी-पहिरोजस्ता जलवायु परिवर्तनले सिर्जित गरेका विपद्का कारण तत्काल जलवायु कार्यको आवश्यकता अझ स्पष्ट बनाएको तथा यस विषयमा व्यापक छलफल हुने अपेक्षा गर्नुभएको छ ।

"कोप-२९ मा नयाँ जलवायु वित्त लक्ष्य अपनाउनका लागि नेपालले जोडदार माग गरेको छ । विश्वव्यापी तापक्रम वृद्धिलाई १.५ डिग्री सेल्सियसभन्दा तल सीमित राख्ने स्पष्ट मार्गनिर्देशनको आवश्यकता उठाएको छ," उहाँले भन्नुभयो, "पर्वतीय प्राथमिकतासँग सम्बन्धित छलफलहरूमा नेपाल सक्रियरूपमा सहभागी छ । पहाडी क्षेत्रमा देखिएको जलवायु परिवर्तनका प्रभावलाई सम्बोधन गर्ने उद्देश्यका साथ नेपालको तर्फबाट विशेष छलफलका लागि माग गर्ने तयारी भइरहेको छ ।"त्यस्तै जलवायु व्यवस्थापनविद् डा धर्मराज उप्रेती जलवायु न्यायका सिद्धान्तमा आधारित जलवायु वित्त परिचालन हुनुपर्ने बताउनुहुन्छ ।

कोपका लागि तय गरिएका यी हुन् मुख्य ६ एजेन्डा

जलवायुजन्य जोखिम न्यूनीकरण गर्न र मुलुकको समग्र हितका लागि मुख्य ६ एजेन्डालाई उच्च प्रथामिता दिई नेपाली प्रतिनिधिहरु कोपमा उपस्थित भएका छन् । वन तथा वातावरण मन्त्रालयका अनुसार जलवायु वित्त, जलवायुजन्य हानी नोक्सानी न्यूनीकरण, कार्वन व्यापार, उत्सर्जन मापन, पर्वतीय मुद्दा, प्रविधि र क्षमता अभिवृद्धि, जलवायु परिवर्तन अनुकूलन, समावेशिताका ६ विषयगत कार्यपत्र तयार गरिएका छन् ।

"नेपालको राष्ट्रिय स्थितिपत्र तयार गरी कोपमा ल्याइसकेका छौँ, यसमा राष्ट्रिय अवधारणापत्र, जलवायु अनुकूलन, जलवायु वित्त, कृषि र खाद्य प्रणाली, स्वास्थ्य र जलवायु परिवर्तन, ऊर्जा सङ्क्रमण, दक्षता, पानी तथा जलवायुजन्य कार्य, जलवायुका लागि प्रकृतिलगायतका विषयवस्तुहरु समावेश गरिएका छन्," वन तथा वातावरण मन्त्रालयका सहसचिव डा बुद्धि पौडेलले भन्नुभयो ।

गत वर्ष युनाइटेड अरब इमिरेट्स (युएई) को दुबईमा सम्पन्न कोप-२८ मा स्थापना गरिएको जलवायुजन्य हानी-नोक्सानीसम्बन्धी कोषको प्रभावकारी कार्यान्वयनका पक्षमा नेपालका तर्फबाट दबाब दिने तयारी भइरहेको वन तथा वातावरण मन्त्रालयले स्पष्ट गरेको छ ।रासस

# राप्रपाको स्थानीय तह परिचालन र पर्यटन विभागमा पदाधिकारी मनोनित



काठमाण्डु । राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा) का अध्यक्ष राजेन्द्र लिङ्देनले पार्टीको विधानबमोजिम स्थानीय तह परिचालन विभाग र पर्यटन विभागका सदस्य-सचिव तथा सदस्य मनोनयन गरी दुई विभागलाई पूर्णता दिनुभएको छ ।

अध्यक्ष लिङ्देनले पार्टीका वरिष्ठ नेता उपाध्यक्ष ध्रुवबहादुर प्रधान प्रमुख रहनुभएको स्थानीय तह परिचालन विभागमा केन्द्रीय सदस्य भरत पाठक (नुवाकोट) लाई विभागको सदस्य-सचिव मनोनयन गर्नुभएको सो पार्टीका प्रवक्ता एवं प्रचार विभाग प्रमुख मोहनकुमार श्रेष्ठले राससलाई जानकारी दिनुभयो ।उहाँका अनुसार सदस्यमा सहायक महामन्त्री ताहिर अली (रुपन्देही), केन्द्रीय सदस्य रामहरि थापा (भक्तपुर), केन्द्रीय सदस्य तीर्थराज चटौत (कञ्चनपुर), केन्द्रीय सदस्य देवकुमारी पराजुली (स्याङ्जा) र केन्द्रीय सदस्य विनोद भारती (बारा) रहनुभएको छ ।

अध्यक्ष लिङ्देनले सहायक महामन्त्री विजय खड्का प्रमुख रहनुभएको पर्यटन विभागमा सदस्य-सचिव र सदस्य मनोनयन गर्नुभएको छ ।

विभागको सदस्य-सचिवमा पर्यटन व्यवसायी गणेश रिमाल (धादिङ) रहनुभएको छ भने सदस्यमा सांसद आशा लामा (काठमाडौँ), अर्जुन खनाल (कास्की), आराधना पुडासैनी (मोरङ), रामप्रसाद सापकोटा (धादिङ), रिना खड्का (काभ्रेपलाञ्चोक) र सुशील पन्त (गोरखा), मनोनयन गर्नुभएको छ ।

यसैगरी सदस्य तीर्थराज सुवेदी (कास्की), निर्मला इजम (ताप्लेजुङ), मेरिना श्रेष्ठ (सल्यान), कमल रिमाल (काठमाडौँ), किशोर खड्का (बझाङ), दावाकिपा शेर्पा (स्विट्जरल्याण्ड प्रवास), मेघनाथ आचार्य (रुपन्देही) र सगरमाथा आरोही दावा छिरी शेर्पा (दोलखा) रहनुभएको प्रवक्ता एवं प्रचार विभाग प्रमुख श्रेष्ठले बताउनुभयो ।अध्यक्ष लिङ्देनले पार्टी केन्द्रीय कार्यालय धुम्बाराहीमा सोमबार आयोजित कार्यक्रममा दुवै विभागका सदस्य-सचिव तथा सदस्यलाई मनोनयन पत्र हस्तान्तरण गर्नुभएको सो पार्टीले जनाएको छ ।रासस

# बिटकोइनसँग जोडिएका सात रोचक र अपत्यारिला कुरा

बीबीसी

काठमाण्डु । संयुक्त राज्य अमेरिकामा डोनल्ड ट्रम्प राष्ट्रपति पदमा फेरि निर्वाचित भएपछि बिटकोइनको मूल्य अहिलेसम्मकै उच्चतम बिन्दुमा पुगेको छासन् २०२१ मा ट्रम्पले बिटकोइनलाई "छल" भनेका थिए। तर पछि उनले उक्त क्रिप्टोकरेन्सीका बारे आफ्नो धारणा फेरे। यो वर्ष निर्वाचनको प्रचारप्रसारका बेला उनले बिटकोइनका समर्थकहरूसमक्ष अमेरिकालाई "पृथ्वीको क्रिप्टो राजधानी" बनाउने उद्घोष पनि गरे।

ट्रम्पको जितपछि यो डिजिटल कोइनको मूल्य बढेको देखेर बिटकोइनधनीहरू हर्षित देखिन्छन्। बिटकोइनको मूल्य कहिले ह्वात्तै बढ्ने र कहिले ह्वात्तै घट्ने गरेको छ। तर यसको चर्चा मूल्यका कारण मात्र हुने गरेको छैन। सन् २००८ मा पहिलो पटक इन्टरनेटमा देखा परेदेखि नै बिटकोइनबारे निरन्तर समाचार बन्दै आएको छ। सबैभन्दा पुरानो र ख्यातिप्राप्त यो क्रिप्टोकरेन्सीको इतिहासमा देखा परेका सातवटा मुख्य घटना यहाँ प्रस्तुत छ।




### १. बिटकोइनका आविष्कारक रहस्यकै गर्भमा

बिटकोइनका आविष्कारक को हुन् भन्ने कसैलाई पनि थाहा छैन। आफूलाई सातोशी नाकामोतो भनेर चिनाउने व्यक्तिले इन्टरनेट फोरमहरूमा सन् २००८ मा पहिलो पटक बिटकोइनको अवधारणाबारे चर्चा गरेका थिए।

उनले कसरी पिअर-टू-पिअर डिजिटल क्याश प्रणालीबाट मानिसहरू इन्टरनेटमार्फत् इमेल पठाए जसरी नै सजिलो गरी भर्चूअल कोइन पठाउन सक्छन् भनेर एउटा खाका प्रस्तुत गरेका थिए।कारोबार गर्न सघाउन र विश्वभरि छरिएका स्वयंसेवीहरूको सञ्जाल प्रयोग गरेर नयाँ कोइन बनाउन उनले एउटा जटिल कम्प्युटर प्रणालीको निर्माण गरे। नयाँ कोइन बनाउन संलग्न हुने स्वयंसेवीहरूले विशेष सफ्टवेअर र शक्तिशाली कम्प्युटर प्रयोग गर्थे। धेरै पत्रकार, क्रिप्टो फ्यान र अनुसन्धानकर्ताहरूले सातोशी को हुन् भन्ने पत्ता लगाउन निकै प्रयास गरेका छन्। तर अहिलेसम्म कोही पनि सफल भएको छैन।

सन् २०१४ मा पत्रकारहरूले बिटकोइनका रहस्यमय आविष्कारक भन्ठानेर जापानी नागरिक डोरिअन नाकामोतोलाई पछ्याए। तर उनीहरूले पाएको जानकारी मिथ्या प्रमाणित भयो। अरू नाम पनि आएका छन्। तर अहिलेसम्म एक जनाले मात्र आफू सातोशी भएको दाबी गरेका छन्। सन् २०१६ मा अस्ट्रेलियाका कम्प्युटर वैज्ञानिक क्रेग राइटले आफू नै सातोशी भएको बताएका थिए।

बीबीसीसँगको अन्तर्वार्तामा उनले भने, "म सातोशी नाकामोतो हुँ। म यसको मुख्य अङ्ग हुँ। अरू मानिसले मलाई सघाए। केही मानिसले पत्याउँछन्। केही मानिसले तपाईँलाई सत्य भन्न दिँदैनन्। मलाई खासै मतलब पनि छैन।" तर राइटले आफू सातोशी नाकामोतो भएको प्रमाणित गर्न सकेका छैनन्।लामो समय मुद्दा चलेपछि लन्डनस्थित एउटा उच्च अदालतले सन् २०२४ मा उनी सातोशी नभएको निष्कर्ष निकाल्यो।

### २. पिज्जा किन्न पहिलो कारोबार

बिटकोइनको पहिलो कारोबार मे २२, २०१० मा भएको थियो।त्यो दिन भोक लागेपछि लास्लो हन्याचले एउटा अनलाइन क्रिप्टो फोरममा दुइटा पिज्जाका लागि ४१ डलर बराबरको बिटकोइन दिने प्रस्ताव राखे। एक १९ वर्षे विद्यार्थीले उनको प्रस्ताव स्वीकार गरे। त्यो दिन बिटकोइनको इतिहासमा ३द्यष्तअयष्लएष्शशब दिवसका रूपमा लेखिएको छ।

बिटकोइन पारखीहरू प्रत्येक वर्ष मे २२ मा पिज्जा किनेर रमाइलो गर्छन् र मीम बनाउँछन्। मे २२ लाई इन्टरनेटमा उपलब्ध बिटकोइनको व्यावहारिक शक्ति देखाउने दिन मानिन्छ। बिटकोइनमा अपराधीहरूको पनि दृष्टि परेको रहेछ। एक वर्षभित्रै बिटकोइन लिएर लागुपदार्थ र अन्य अवैध सामान बेच्ने पहिलो डार्कनेट बजार सुरु भयो।लास्लो हन्याचले इतिहास त बनाए तर अहिलेको अवस्थामा त्यति बिटकोइन दिएर दुइटा पिज्जा किन्ने उनको निर्णयले ठूलो घाटा लागेको देखिन्छ। यदि उनले बिटकोइन आफूसँगै राखेको भए अहिले त्यसको मूल्य करौडौँ डलर पुग्थ्यो।

### ३. एल साल्भडोरमा वैधानिक मुद्रा

सेप्टेम्बर २०२१ मा एल साल्भडोरका राष्ट्रपति नायिब बुकेलेले बिटकोइनलाई वैधानिक मुद्रा बनाए।हजाम, सुपरमार्केट र अरू पसलले पनि सेवा र सुविधाबापत भुक्तानी लिन त्यहाँ प्रचलित मुख्य मुद्रा अमेरिकी डलरबाहेक बिटकोइन स्वीकार गर्नैपर्ने भयो। उक्त निर्णयपछि बिटकोइनमा रुचि भएका धेरै व्यक्ति र पत्रकारहरूले एल साल्भडोरको भ्रमण गरे। केही समयका लागि यसबाट त्यहाँको पर्यटनमा राम्रो प्रभाव पर्‍यो।

देशमा लगानी बढ्ने र नागरिकहरूले मुद्रा सटही गर्दा हुने खर्च जोगिने राष्ट्रपतिको आशा थियो। तर बिटकोइन उनले सोचे जसरी लोकप्रिय भएन। त्यहाँको मुद्राबजारमा अमेरिकी डलरकै वर्चस्व छ। राष्ट्रपति बुकेलेले सर्वसाधारण जनतालाई बिटकोइन स्वीकार गर्न प्रेरित गर्ने उद्देश्यले ठूलो रकम खर्च गरे। विगत केही वर्षमा उनी आफैँले ५,००० बिटकोइन किनेका छन्।

रकमको अभाव झेलेको देशलाई लाभ पुग्ने आशमा बिटकोइन किन्न उनले कम्तीमा १२ करोड अमेरिकी डलर खर्च गरे। ती बिटकोइन विभिन्न मूल्यमा किनिएका थिए।गत डिसेम्बर महिनामा बिटकोइनको मूल्य ह्वात्तै बढेपछि पहिलो पटक उनको निर्णय तत्कालका लागि सही भए जस्तो देखिएको छ।

### ४. काजकस्तानमा क्रिप्टो उद्योगको उदय र समस्या

सन् २०२१ मा काजकस्तान बिटकोइन माइनिङका लागि केन्द्रबिन्दुजस्तै बन्यो। चीन र संयुक्त राज्य अमेरिकाबाट लगानीकर्ताहरू त्यहाँ ओइरिए।

बिटकोइन बनाउन र त्यसको सञ्जाललाई सुरक्षित राख्न जटिल गणना गर्ने शक्तिशाली माइनिङ कम्प्युटर चलाउन बिजुलीको माग उच्च हुने भएकाले माइनरहरू काजकस्तानतिर आकर्षित भएका थिए।अहिले गोदामहरूमा अत्याधुनिक कम्प्युटरहरू रातदिन चल्छन्। त्यसबाट माइनिङ गर्ने कम्पनीहरूले नयाँ बिटकोइन बनाउँछन्। काजकस्तानमा कोइलाबाट बिजुली उत्पादन हुन्छ। ठूलाठूला कोइलाखानी भएकाले र पर्याप्त बिजुली उत्पादन हुने गरेकाले धेरै माइनरहरू त्यहाँ गए। विदेशबाट लगानी भित्रिएकाले सरकारले पनि स्वागत गर्‍यो।

तर माइनरहरूको ओइरो लागेकाले विद्युत् प्रसारण प्रणालीमा चाप पर्‍यो र देशमा आपूर्ति अवरुद्ध हुने जोखिम बढ्यो।एक वर्षभित्रै काजकस्तानको बिटकोइन माइनिङ उद्योगमा सरकारले कडाइ गर्न थाल्यो । बिटकोइन माइनिङ वृद्धिलाई रोक्न कर बढाइयो।बिटकोइन सञ्जालले विश्वभरि खपत गर्ने बिजुली एउटा सानो देशले खपत गर्ने परिमाणजति नै भएको अनुमान गरिन्छ।

### ५. फोहोरमा १० करोड डलरको बिटकोइन

जेम्स हावल्स ठूलो संख्यामा बिटकोइन भएको आफ्नो क्रिप्टो वालेट खोज्न लागिपरेका छन्।

त्यो वालेटमा भएका ८,००० वटा बिटकोइनको मूल्य अहिले कम्तीमा १० करोड डलर पर्छ। यूकेको दक्षिणी भेगमा बस्ने हावल्सले आफ्ना बिटकोइनको लग-इनसँग सम्बन्धित जानकारी राखिएको हार्डड्राइभ भुक्किएर फालेका थिए।

क्रिप्टोमा गरिएको जटिल व्यवस्थाका कारण फेरि बिटकोइन फेला पार्न अरू पासवर्ड रिसेट गर्न जस्तो सजिलो हुँदैन। कुनै पनि ब्याङ्क वा औपचारिक संस्था संलग्न नहुने भएकाले आपत् पर्दा ग्राहकले सहयोग पनि पाउँदैनन्। हावल्सले स्थानीय निकायबाट फोहोर फालिएको ल्यान्डफिल साइटमा हार्डड्राइभ खोज्न अनुमति मागेका थिए। बिटकोइन हात परे त्यसको २५ प्रतिशत स्थानीय परोपकारी संस्थाहरूलाई दिन उनी तयार भए पनि उनले त्यहाँ जाने अनुमति पाएका छैनन्।"त्यो सियो खसे जस्तो घटना थियो र डुबे जस्तो अनुभूति भएको छ। 'मैले यो के गरेँ?' मैले सोचेँ। पहिला कहिल्यै पनि हार्डड्राइभ फालेको थिइनँ। तर यसपालि किन?" उनले भने।

### ६. 'किङ अफ क्रिप्टो'ले ठगी गरेको ठहर, २५ वर्षको जेल सजाय

कुनै बेला 'किङ अफ क्रिप्टो' उपनाम पाएका साम ब्याङ्कम्यान-फ्रीडले जति बिटकोइन अरू कसैले गुमाएको छैन। उनी विशाल क्रिप्टो फर्म एफटीएक्सका सहसंस्थापक हुन्।

एफटीएक्समार्फत् सर्वसाधारण मानिसले बिटकोइनजस्ता क्रिप्टोकरेन्सीसँग परम्परागत मुद्रा सटही गर्ने सुविधा पाएका थिए। त्यो व्यवसायको मूल्य झन्डै ३२ अर्ब अमेरिकी डलर भएको अनुमान गरिएको थियो। तर त्यो केही दिनमै धराशायी भयो। पत्रकारहरूले ब्याङ्कम्यान-फ्रीडको कम्पनी वित्तीय रूपमा अस्थिर रहेको र त्यसले आफ्ना ग्राहकको रकम उनको अर्को कम्पनी 'एलमीडा रिसर्च'लाई बलियो बनाउनका लागि अवैध रूपमा सारिरहेको पत्ता लगाए।

डिसेम्बर २०२२ मा बहामसमा पक्राउ पर्नुअघि उनले संवाददाताहरूसँग कुरा गरेका थिए।"मलाई आफूले ठगी गरे जस्तो लाग्दैन। म यो होस् भन्ने चाहन्नथेँ। म आफूलाई लागे जस्तो सक्षम रहेनछु," उनले बीबीसीसँग भनेका थिए।उनलाई संयुक्त राज्य अमेरिकालाई हस्तान्तरण गरियो। अमेरिकाको अदातलले ठगी र सम्पत्ति शुद्धीकरणको अभियोगमा उनलाई दोषी ठहर गर्‍यो। भर्खरै उनलाई २५ वर्षको जेल सजाय सुनाइएको छ।

### ७. लगानीको ओइरो

विभिन्न खालका समस्या देखा परे पनि बिटकोइनले लगानीकर्ता र ठूला कम्पनीहरूको ध्यान तानिरहेकै छासन् २०२४ को ज्यानुअरीमा विश्वका केही ठूला वित्तीय संस्थाहरूले बिटकोइनलाई 'स्पट बिटकोइन ईटीएफ'जस्ता आफ्ना आधिकारिक सम्पतिको सूचीमा थपे। ती स्टक र शेअरजस्तै हुन्छन् अनि बिटकोइनको मूल्यसँग जोडिएका हुन्छन्।

ग्राहकहरूले यस प्रकारका नयाँ कुरामा अर्बौं डलर लगानी गरिरहेका छन्। ब्ल्याकरक, फिडेलटी र ग्रेस्केलजस्ता कम्पनीले ठूलो परिमाणमा बिटकोइन किनिरहेका छन्। त्यसबाट बिटकोइनको मूल्य उत्कर्षमा पुगेको छाक्रिप्टोका केही प्रशंसकहरू सातोशीले कल्पना गरेअनुरूप बिटकोइनलाई बल्ल गम्भीरतापूर्वक लिन थालिएको ठान्छन्।तर अरू मानिस सतर्क देखिन्छन्।

उनीहरू बिटकोइन अर्कै बाटोमा अगाडि बढेको हो कि भन्ठान्छन्। मानिसको दैनिक जीवनको खर्चका लागि भन्दा पनि सुनमा जस्तो लगानी गर्न बिटकोइन प्रयोग हुन सक्ने उनीहरूको अनुमान छ।

## युु-१९ महिला टि-२० विश्वकप एसिया छनोट :

# नेपालद्वारा कुवेत पराजित



काठमाण्डु । कप्तान पूजा महतोले ब्याटिङ र बलिङमा उत्कृष्ट खेल प्रदर्शन गरेपछि युनाइटेड अरब इमिरेट्स (युएई) मा जारी आइसीसी यु-१९ महिला टि-२० विश्वकपको एसिया छनोटको पाचौँ खेलमा नेपाल विजयी भएको छ । केहीबेर अघि सम्पन्न उक्त खेलमा नेपालले कुवेतलाई एक सय ६५ रनको फराकिलो अन्तरले हराएको हो । सो अवसरमा महतोले ब्याटिङतर्फ शतकीय पारी खेल्नुका साथै बलिङतर्फ पाँच विकेट लिइन् । नेपालबाट एउटै खेलमा शतक प्रहार तथा पाँच विकेट लिने पहिलो खेलाडी बन्दै उनले इतिहाससमेत रचेकी छिन् ।

युएईको अजमानस्थित द सेभेन रङ्गशालामा टस जितेर पहिला ब्याटिङ गरेको नेपालले निर्धारित २० ओभरको खेलमा दुई विकेट गुमाएर दुई सय १३ रन बनायो । दुई सय १४ रनको लक्ष्य पछ्याएको कुवेतले १३ ओभरमा सबै विकेट गुमाएर ४८ रन मात्रै बनायो । कुवेतका लागि जिफा जिलानीले सर्वाधिक ३६ रन बनाइन् । उनले ४२ बलमा सात चौका प्रहार गरिन् । जिफाबाहेक कुवेतका कुनै पनि खेलाडीले दोहोरो अङ्कले रन बटुल्न सकेनन् । नेपालले कुवेतलाई सात अतिरिक्त रन दिएको थियो ।

बलिङतर्फ नेपालका लागि कप्तान महतोले पाँच तथा रचनाकुमारी चौधरी र सीमा केसीले दुई दुई विकेट लिइन् । यसअघि नेपालका लागि ब्याटिङ गर्ने क्रममा कप्तान पूजा महतोले एक सय तीस रन बनाइन् । उनले ६९ बल खेल्ने क्रममा १७ चौका प्रहार गरिन् । यस्तै, सोनी पाख्रीनले ३३ बलमा दुई चौकाको मद्दतमा ४३, सावित्री धामीले ११ र साना प्रवीनले ६ रनको योगदान दिइन् । कुवेतले नेपाललाई २३ अतिरिक्त २३ रन दिएको थियो ।

बलिङतर्फ कुवेतका लागि जिफा जिलानी र रेलिन मारिया डी सुजाले एक एक विकेट लिए । नेपालले अब बुधबार यूएईसँग प्रतिस्पर्धा गर्नेछ ।

छनोट खेलमा आयोजक युएईसहित नेपाल, कुवेत र थाइल्याण्ड सहभागी छन् । सहभागीमध्ये शीर्ष स्थान हासिल गर्ने टोली सन् २०२५ मा मलेसियामा हुने यु-१९ विश्वकपमा छनोट हुनेछ ।रासस

# उत्तर कोरियाद्वारा रूससँग गरेको सुरक्षा सम्झौता अनुमोदन

एएफपी

सियोल । उत्तर कोरियाले रुससँग गरेको ऐतिहासिक सुरक्षा सम्झौता अनुमोदन गरेको छ। यसले सुरक्षा सहयोगलाई अझ प्रगाढ बनाएको छ। यसै सम्झौताका आधारमा प्योङयाङले मस्कोलाई युक्रेनविरुद्ध लड्न मद्दत गर्न हजारौं सैनिक पठाएको हो।

यो सम्झौताले शीतयुद्धदेखि सहयोगी रहेका दुई समाजवादी मुलुकबीच महिनौंदेखिको सैन्य सम्बन्धलाई औपचारिकता दिएको छ ।सियोल र सहयोगी संयुक्त राज्य अमेरिकाले आणविक शक्ति सम्पन्न उत्तर कोरियाले रुसमा हजारौं सैनिक पठाएको आरोप लगाउँदै आएका छन्। उत्तर कोरियाली सैनिकलाई रूसी पोशाकले सुसज्जित गरी कुर्स्क नजिकैको सीमामा जम्मा गरिएको ती मुलुकका सैनिक अधिकारीले बताएका छन् ।

कोरियाली केन्द्रीय समाचार संस्था (केसीएनए) का अनुसार उक्त सम्झौतालाई नेता किम जोङ उनको आदेशको रुपमा अनुमोदन गरिएको छ ।राष्ट्रपति भ्लादिमिर पुटिनले हस्ताक्षर गरेको उक्त सम्झौतालाई अनुमोदन गर्न गत साता रुसी सांसदहरूले सर्वसम्मतिले मतदान गरेपछि उत्तर कोरियाका तर्फबाट यो सूचना आएको हो ।केसीएनएले भनेको छ, "दुवै पक्षले अनुमोदनका लिखत आदानप्रदान गरेको दिनदेखि यो सम्झौता लागू हुने बताइएको छ ।"उत्तर कोरिया युक्रेनमा रूसको आक्रमणको सबैभन्दा मुखर र महत्वपूर्ण समर्थक बनेको छ।

पश्चिमा राष्ट्रहरूले लामो समयदेखि मस्कोलाई युक्रेनमा प्रयोग गर्नका लागि तोपका गोला र क्षेप्यास्त्रहरू आपूर्ति गरेको आरोप प्योङयाङलाई लगाउँदै आएका थिए तर हालैका हप्ताहरूमा हजारौं उत्तर कोरियाली सैनिकहरू युद्धमा संलग्न हुन तयार भएपछि यो समर्थन बढेको छ।दुई देशबीचको सम्झौता गत जुनमा क्रेमलिन प्रमुखको उत्तर कोरिया भ्रमणका क्रममा रणनीतिक साझेदारी सन्धिमा हस्ताक्षर गरेका थिए ।

यसले दुवै देशलाई एकअर्कामाथि आक्रमण भएमा 'अविलम्ब' सैन्य सहायता प्रदान गर्न र पश्चिमी प्रतिबन्धहरूको विरोध गर्न अन्तर्राष्ट्रिय रूपमा सहयोग गर्न बाध्य बनाएको छापुटिनले गत जुनमा भएको सम्झौतालाई 'ब्रेक थ्रु डकुमेन्ट' को संज्ञा दिनुभएको थियो । कोरिया इन्स्टिच्युट फर नेसनल युनिफिकेसनका वरिष्ठ विश्लेषक होङ मिनले भन्नुभयो, "द्विपक्षीय अनुमोदनसँगै प्योङयाङ र मस्कोले रूसमा उत्तर कोरियाको सैन्य तैनाथीका लागि वैधता दाबी गर्नेछन्।"

# फुकुशिमा परमाणु केन्द्रको फोहोर परीक्षणका लागि टोकियो पुऱ्याइयो

एएफपी

टोकियो । जापानको फुकुशिमा आणविक केन्द्रबाट रोबोटले निकालेको रेडियोधर्मी फोहोरको सानो मात्रा टोकियो नजिकैको एक अनुसन्धान प्रयोगशालामा आइपुगेको छ। मङ्गलबार प्लान्टको सञ्चालक टोकियो इलेक्ट्रिक पावर कम्पनी (टेप्को) ले गत हप्ता विशेष रूपमा विकसित विस्तारयोग्य उपकरणको प्रयोग गरेर फोहोर उठाई र परीक्षणका लागि ल्याबमा पठाउने कठिन काम पूरा भएको पुष्टि गर्नुभएको छ ।



सन् २०११ मा जापानमा ९.० म्याग्निच्यूडको भूकम्पका कारण आएको विनाशकारी सुनामीले विश्वकै सबैभन्दा भयानक आणविक दुर्घटना निम्त्याएको १३ वर्षभन्दा बढी भइसक्दा पनि करिब ८८० टन रेडियोधर्मी सामग्री हटाउन सकिएको छैन । उच्च विकिरणको स्तरको कारण दशकौँ लामो शुद्धिकरण र व्यवस्थापन गर्ने परियोजनामा यो भग्नावशेष हटाउनु सबैभन्दा चुनौतीपूर्ण रूपमा हेरिएको छ। प्राविधिक समस्याका कारण ढिलाइ भए पनि रिएक्टरभित्रको जोखिमको अवस्था बारेमा जानकारीका लागि अध्ययन गर्ने उद्देश्यले उत्तरपूर्वी जापानको फुकुसिमा प्लान्टबाट परीक्षणका लागि नमूना झिकी ल्याबमा पुऱ्याइएको हो ।

टेप्कोले मङ्गलबार सञ्चारमाध्यमलाई पठाएको इमेलमा भनिएको छ, "परीक्षण अभियानका क्रममा सङ्कलन गरिएको इन्धनबाट निस्केको फोहोरको ढुवानी पूरा भएको छ।"जापान आणविक ऊर्जा एजेन्सी (जेएईए) को ओराई न्युक्लियर इन्जिनियरिङ इन्स्टिच्युटको १६० किलोमिटर (१०० माइल) को यात्रा कहिले हुनेछ भन्ने बारे कम्पनीले सुरक्षाको कारण देखाउँदै यसअघि विस्तृत विवरण दिएको थिएन।

जापानी सञ्चारमाध्यमका अनुसार रोबोटले निकालेको नमूनाको तौल ०.७ ग्राम (०.०२ औंस) रहेको छ भने जेएईएले यसको उचित विश्लेषणका लागि कम्तीमा एक ग्राम नमूना आवश्यक पर्ने बताएको छ ।

सन् २०११ मा आएको सुनामीका कारण फुकुशिमाका छ वटा रिएक्टरमध्ये ३ वटा रिएक्टरमा क्षति पुगेको थियो ।जापानले गत वर्ष ५४० वटा ओलिम्पिक स्विमिङ पुलको लागि पुग्ने रिएक्टर कूलिङ पानीमध्ये केही पानी प्रशान्त महासागरमा छोड्न सुरु गरेको थियो ।

# श्रीलङ्काको बामपन्थी दल संसद्मा बहुमत ल्याउने कसरतमा

एएफपी

कोलम्बो । श्रीलङ्काका नयाँ वामपन्थी नेताले बिहीबार हुने निर्वाचनमा आफ्ना तीन संसदीय सिटलाई सदनको बहुमतमा पुऱ्याउने प्रयास गर्दै गर्दा बलियो समर्थन प्राप्त हुने देखिएको छ ।

कार्ल मार्क्स र चे ग्वेभारालाई आफ्नो नायकका रूपमा लिने ५५ वर्षीय राष्ट्रपति अनुरा कुमारा दिसानायकेलाई देशको सबैभन्दा ठूलो र सबैभन्दा प्रभावशाली निजी क्षेत्रको व्यापार र उद्योग निकायको समर्थन छासन् २०२२ मा देशको आर्थिक मन्दीलाई लिएर सिर्जना भएको जनआक्रोशका कारण दिसानायकेले सेप्टेम्बरमा सम्पन्न राष्ट्रपतीय निर्वाचनमा बहुमत प्राप्त गर्नुभएको थियो । सिलोन चेम्बर अफ कमर्स (सीसीसी) ले आर्थिक पुनरुत्थानका लागि आफ्ना प्रस्तावहरू पिपुल्स लिबरेशन फ्रन्ट (जेभीपी) को समाजवादी एजेन्डासँग मेल खाने बताएको छादेशले डिसानायकेको नेतृत्वमा चीन वा भियतनामको आर्थिक मोडेलहरू पछ्याउन सक्ने व्यवसायीहरूले अनुमान गरेका छन् ।



अस्ट्रेलियास्थित भूराजनीतिक जोखिम विश्लेषण फर्म ट्रेसिंकका इमरान फुरकानले भन्नुभयो, "पहिलो कार्यकालमा पूर्ण लोकतान्त्रिक व्यवस्थाको मामिलामा भियतनामभन्दा जेभिपीले धेरै राम्रो नीति अख्तियार गर्नेछ ।" उहाँले भन्नुभयो, "लामो समयदेखि साम्यवादी रहेको भियतनामको तुलनामा श्रीलङ्कामा प्रजातन्त्रको गहिरो जरा गडेको छ ।"बिहीबारको संसदीय चुनावमा दिसानायकेको पार्टीले सहजै जित हासिल गर्ने र त्यसपछि उहाँका दक्षिणपन्थी पूर्ववर्ती रनिल विक्रमासिङ्घेले सुरु गरेको अलोकप्रिय मितव्ययिताका उपायहरू सहित सुधारहरू अघि बढाउने फुरकानले विश्वास व्यक्त गर्नुभएको छ ।

### - शेयरमा उछाल -

सन् १९७१ र १९८७ मा सशस्त्र विद्रोहको नेतृत्व गरेको जेभीपीले आफूलाई राष्ट्रिय जनसत्ता (एनपीपी) भनिने व्यावसायिक समूहहरूसँगको गठबन्धनमा मूलधारको राजनीतिमा सामेल गरेको छ।"विक्रमासिङ्घेले गरेको ऋण सम्झौतालाई अगाडि बढ्न दिएर स्थानीय र विदेशी लगानीकर्ताको विश्वास जितेकाले दिसानायकेले सुधारलाई उल्टाउने सम्भावना छैन," फुरकानले भन्नुभयो । दिसानायकेको जितपछि कोलम्बो स्टक एक्सचेन्जको ' अल शेयर प्राइस इन्डेक्स' १६.६५ प्रतिशतले बढेको छादिसानायकेले विशाल छिमेकी भारत र देशको सबैभन्दा ठूलो द्विपक्षीय ऋणदाता चीनसँग पनि घनिष्ठ सम्बन्ध कायम राख्नुभएको छ ।

करिब दुई करोड २० लाख जनस्ङ्या रहेको बौद्ध धर्मावलम्बीको बाहुल्यता रहेको सानो तर रणनीतिक दृष्टिले हिन्द महासागरटापुमा अवस्थित श्रीलङ्कामा भारत र चीन दुवैले प्रभाव जमाउन प्रतिस्पर्धा गरिरहेका छन् ।संसदको २२५ सिटका लागि आठ हजार ८८० उम्मेदवारका लागि बिहीबार बिहान ७ :०० बजे मतदान सुरु हुनेछ । निर्वाचन अनुगमनकर्ताले मतदातामा राष्ट्रपति निर्वाचनको तुलनामा कम उत्साह देखिएको बताएका छन् ।

निजी निगरानी समूह पिपुल्स एक्सन फर फ्रि एन्ड फेयर इलेक्सन (पाफल) ले राष्ट्रपति चुनावमा देखिएको ८० प्रतिशतभन्दा कम मतदान हुन सक्ने जनाएको छ ।पाफ्फ्रेलकी प्रमुख रोहना हेटियाराचीले विपक्षी दलका थोरै उम्मेदवार सक्रिय भएकाले नतिजालाई पूर्वनिर्धारित निष्कर्षका रुपमा हेरिएको बताउनुभयो ।

दिसानायकेको पार्टीले निवर्तमान विधायिकामा केवल तीन सिट मात्र जितेको भएपनि यस पटकको संसदीय निवाचनमा यसलाई अत्यधिक वृद्धि गर्ने अनुमान गरिएको छ ।

# सामुदायिक वनभित्र खेती र मल उत्पादन

हेटौँडा । "पशुपालन नगरे पनि मलको कमी छैन", यहाँको मनहरी गाउँपालिका-७ की कृषक विमला राईले भन्नुभयो, "पहिले पशुपालन गर्दा अरू काम गर्नै भ्याउँदिन थिएँ। पशु नपालौँ खेती गर्न मल धेरै चाहिने। अहिले त्यो समस्या छैन, ढुक्क छु।" हाल होटल व्यवसायसँगै खेती गरिहरनुभएकी उहाँको आर्थिकस्तर पहिलेको तुलनामा सुध्रिएको छ। वनको छेउमै घर हुँदा तीन वर्ष अघिसम्म हिउँद लागेपछि डढेलोले घर भेट्ला कि भन्ने चिन्ता हुन्थ्यो। छिमेकीको गोठमा आगो लागेपछि निकै रातसम्म अनिँदो बसेको उहाँले बिर्सनुभएको छैन।



यी समस्याका समाधान खोज्ने क्रममा वन समूहले पत्करबाट मल उत्पादन गर्न थालेपछि डढेलो लाग्न छोडेको उहाँ बताउनुहुन्छ । उहाँ वन समूहको आयआर्जन समूहमा पनि आबद्ध हुनुहुन्छ । आयआर्जन कार्यक्रममा 'ग्रिन फाउन्डेसन नेपाल' (जिएफएन) नामक संस्थाले सहयोग गरिरहेको छ।सुनाचुरी सामुदायिक वनकी उपभोक्ता सरिता ब्लोन पनि वनमा गरिएको कागती, तेजपत्ता, अम्रिसोखेतीले आम्दानी गर्न सहज भएको बताउनुहुन्छ। उहाँ भन्नुहुन्छ, "पहिले वन संरक्षण मात्र गर्ने होजस्तो लाग्थ्यो तर यहाँ खेती पनि गर्न पाउँदा आम्दानीको स्रोत बनेको छ।" उहाँले २० वटा बाख्रा पाल्नुभएको छ । बाख्रालाई घाँस लिन टाढा जान पर्दैन । बाख्राबाट पनि आम्दानी भइरहेको उहाँको भनाइ छ।

पशुपति सामुदायिक वन उपभोक्ता समूहले हाइटेन्सन मुनि रुख नभएका स्थानमा जडीबुटी र घाँसखेती गरेको छ। जिएफएनको सहयोगमा अदुवा, बेसार र सर्पगन्धाको खेती गरिरहेको समूहकी अध्यक्ष चम्पामाया परियारले जानकारी दिनुभयो।

उहाँले भन्नुभयो, "यहाँ यसरी आम्दानी हुन्छ जस्तो लागेको थिएन, गर्दा नहुने केही रहेनछ ।" जडीबुटीसँगै यस वर्ष अदुवा पनि खेती गरिएको उहाँले बताउनुभयो । सामुदायिक वन उपभोक्ता महासङ्घ मकवानपुरका अध्यक्ष साधुराम चौलागाईंले मनहरी गाउँपालिकाका तीनवटा सामुदायिक वनमा खेती र मल उत्पादन गरिएको बताउनुभयो । वनबाट समृद्ध बन्ने र जलवायु परिवर्तनको असर कम गर्ने अभियानअन्तर्गत यहाँका डिपार्ट सामुदायिक वन, पशुपति सामुदायिक वन र सुनाचुरी सामुदायिक वनले वनक्षेत्रभित्र खेती र मल उत्पादन गरिरहेको छ।

वनमा आधारित ३७ उद्यमहरुलाई दिगो बनाउँदै बजारसँग जोडेर हरित उद्यम विकास गर्न सहयोग गरिरहेको जिएफएनका अध्यक्ष घनश्याम पाण्डेले बताउनुभयो । उहाँका अनुसार जिएफएनले वनकरिया साबुन उद्योग, पिप्लेपोखरा सामुदायिव वनमा रहेको श्रमजीवी महिला काष्ठ हस्तकला, हेटौँडा-१२ मा कञ्चनजङ्घा गुन्द्रुक उद्योग, न्युरेनी सामुदायिक वनमा रहेको दुना टपरी उद्योग र थाहा नगरपालिकाको अल्लो उद्योगको उत्पादन र बजारीकरणमा सहयोग गरिरहेको छ।

पानीका मुहान सुक्न थालेपछि मनहरी गाउँपालिकाका सामुदायिक वनहरुले पुनर्भरण (रिचार्ज) पोखरी निर्माणलाई प्राथमिकता दिएको छ । डिभिजन वन कार्यालय राप्ती मनहरीले डिभिजनअन्तर्गतका सामुदायिक वनमा मुहान संरक्षण गर्न रिचार्ज पोखरी निर्माण गरिरहेको जनाएको छ। उपभोक्ताले दैनिक पिउने पानीका स्रोत सुक्दै जानु र वनमा जनावरहरुले पानी खान नपाउँदा समस्या भएकाले रिजार्च पोखरी निर्माणलाई प्राथमिकतामा राखिएको डिभिजन वन कार्यालयका अधिकृत गगन शर्माले बताउनुभयो। गत आर्थिक वर्षमा सातवटा सामुदायिक वन समूहमा आठवटा रिजार्च पोखरी निर्माण गरिएका छन्।

चुरे तथा सुक्खा क्षेत्रमा रिचार्ज पोखरी निर्माण गरेपश्चात् पानीको मुहान संरक्षण र वन्यजन्तुका लागि पानीको उपलब्धतामा सहज भएको छ । वन अधिकृत शर्माले भलबाढीका कारण पोखरी पुरिँदा थोरै समस्या हुने गरेको बताउनुभयो । सामुदायिक वनमा जैविक विविधता संरक्षणका लागि वृक्षरोपण र संरक्षण गरिएको छ । लोपोन्मुख विजयसाल, सतिसाल, दार, चिउरी तथा बहुउपयोगी नीम रोपिएको छ । लोपोन्मुख वन्यजन्तु सालकको संरक्षणमा विशेष जोड दिइएको छ।रासस

# नेप्से परिसूचक ओरालो लाग्दा सात अर्ब ८५ करोडको कारोबार

काठमाण्डु। अघिल्ला दिनका तुलनामा धितोपत्र बजारमा शेयर कारोबार मापक नेप्से परिसूचक मंगलबार भने ओरालो लागेको छ। लगातार उकालो लागेको नेप्से परिसूचक मंगलबार भने ११ दशमलव २४ अङ्कले ओरालो लागेर दुई हजार सात सय ४८ दशमलव ९६ मा सीमित भएको छ।

ठूला कम्पनीको कारोबार मापन गर्ने सेन्सेटिभ परिसूचक एक दशमलव ९३ अङ्कले ओरालो लागेर चार सय ८८ दशमलव ७८ मा सीमित भएको छ। कारोबार भएकाक १३ उपसमूहमध्ये मंगलबार तीन उपसमूहको शेयर मूल्य उकालो लाग्दा १० उपसमूहको शेयर मूल्य भने ओरालो लागेको छ। कूल एक करोड ६७ लाख ८६ हजार नौ सय ३४ कित्ता शेयर रु सात अर्ब ८५ करोड ९७ लाख ४० हजार सात सय ९८ मूल्यमा खरिदबिक्री भएको छ।



नेप्सेका अनुसार गुराँस लघुवित्त, मेछ्याङ हाइड्रोपावरको शेयर मूल्यमा १० प्रतिशतले वृद्धि भई सकारात्मक सर्किट लागेको छ। वेस्ट फाइनान्स नौ दशमलव ९९, एनएलजी इन्स्योरेन्स कम्पनी नौ दशमलव ९९ र समृद्धि फाइनान्सका लगानीकर्ताले नौ दशमलव ६१ प्रतिशतले कमाएका छन्। गुडविल फाइनान्स नौ दशमलव ३६,आँखु खोला जलविद्युत् कम्पनी चार दशमलव ९१,माछापुच्छ्रे बैङ्क चार दशमलव ५९,अप्पर हेवाखोला हाइड्रोपावर कम्पनी तीन दशमलव ७१ र हिमालय बैङ्कको बन्डका लगानीकर्ताले तीन दशमलव ४८ प्रतिशतले गुमाएका छन्।रासस

# यस्तो छ विदेशी मुद्रा विनिमय दर

काठमाण्डु । नेपाल राष्ट्र बैंकले मंगलबारका लागि विदेशी मुद्राको विनिमय दर निर्धारण गरेको छ।



राष्ट्र बैंकका अनुसार अमेरिकी डलर एकको खरिददर एक सय ३४ रुपैयाँ ७४ पैसा र बिक्रीदर एक सय ३५ रुपैयाँ ३४ पैसा कायम भएको छ । युरोपियन युरो एकको खरिददर एक सय ४३ रुपैयाँ ६५ पैसा र बिक्रीदर एक सय ४४ रुपैयाँ २९ पैसा, युके पाउण्ड स्टर्लिङ एकको खरिददर एक सय ७३ रुपैयाँ ५५ र बिक्रीदर एक सय ७४ रुपैयाँ ३२ पैसा, स्वीस फ्रयाङ्क एकको खरिददर एक सय ५३ रुपैयाँ २४ पैसा र बिक्रीदर एक सय ५३ रुपैयाँ ९३ पैसा कायम गरिएको छ।

अष्ट्रेलियन डलर एकको खरिद दर ८८ रुपैयाँ ६७ पैसा र बिक्रीदर ८९ रुपैयाँ छ पैसा, क्यानेडियन डलर एकको खरिद दर ९६ रुपैयाँ ७१ पैसा र बिक्रीदर ९७ रुपैयाँ १४ पैसा, सिङ्गापुर डलर एकको खरिददर एक सय एक रुपैयाँ १५ पैसा र बिक्रीदर एक सय एक रुपैयाँ ६० पैसा निर्धारण गरिएको छ।

जापानी येन १० को खरिद दर आठ रुपैयाँ ७७ पैसा र बिक्रीदर आठ रुपैयाँ ८० पैसा, चिनियाँ युआन एकको खरिददर १८ रुपैयाँ ७२ पैसा र बिक्रीदर १८ रुपैयाँ ८० पैसा, साउदी अरेबियन रियाल एकको खरिददर ३५ रुपैयाँ ८७ पैसा र बिक्रीदर ३६ रुपैयाँ तीन पैसा, कतार रियाल एकको खरिद दर ३६ रुपैयाँ ९७ पैसा र बिक्रीदर ३५ रुपैयाँ १३ पैसा कायम भएको छ। केन्द्रीय बैंकका अनुसार थाइभाट एकको खरिददर तीन रुपैयाँ ९२ पैसा र बिक्रीदर तीन रुपैयाँ ९३ पैसा, युएई दिराम एकको खरिद दर ३६ रुपैयाँ ६८ पैसा र बिक्रीदर ३६ रुपैयाँ ८५ पैसा, मलेसियन रिङ्गेट एकको खरिद दर ३० रुपैयाँ ५५ पैसा र बिक्रीदर ३० रुपैयाँ ६९ पैसा, साउथ कोरियन वन एक सयको खरिद दर नौ रुपैयाँ ६४ पैसा र बिक्रीदर नौ रुपैयाँ ६८ पैसा, स्वीडिस क्रोनर एकको खरिद दर १२ रुपैयाँ ३९ पैसा र बिक्रीदर १२ रुपैयाँ ४४ पैसा र डेनिस क्रोनर एकको खरिद दर १९ रुपैयाँ २७ पैसा र बिक्रीदर १९ रुपैयाँ ३५ पैसा तोकिएको छ।

राष्ट्र बैंकले हङ्कङ डलर एकको खरिददर १७ रुपैयाँ ३३ पैसा र बिक्रीदर १७ रुपैयाँ ४१ पैसा, कुवेती दिनार एकको खरिददर चार सय ३८ रुपैयाँ ५५ पैसा र बिक्रीदर चार सय ४० रुपैयाँ ५० पैसा, बहराइन दिनार एकको खरिददर तीन सय ५७ रुपैयाँ ५० पैसा र बिक्रीदर तीन सय ५९ रुपैयाँ नौ पैसा तथा भारतीय रुपैयाँ एक सयको खरिददर एक सय ६० रुपैयाँ र बिक्रीदर एक सय ६० रुपैयाँ १५ पैसा तोकेको छ।

राष्ट्र बैंकले यो विनिमय दरलाई आवश्यकतानुसार जुनसुकै समयमा पनि संशोधन गर्न सकिने जनाएको छ। वाणिज्य बैंकले तोक्ने विनिमय दर भने फरक हुनसक्ने र अद्यावधिक विनिमय दर केन्द्रीय बैंकको वेबसाइटमा उपलब्ध हुने जनाइएको छ।रासस

# कतार एयरवेजद्वारा गौतमबुद्ध विमानस्थलबाट सेवा सुरु

काठमाण्डु। कतार एयरवेजले भैरहवास्थित गौतमबुद्ध अन्तर ाष्ट्रिय विमानस्थलबाट आजदेखि व्यावसायिक उडान सुरु गरेको छ।

दोहाबाट आएको कतार एयरवेजको एयर बस ३३० आज अपराह्न उक्त विमानस्थलमा अवतरण गरेको गौतमबुद्ध विमानस्थलले जनाएको छ।त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलका महाप्रबन्धक प्रतापबाबु तिवारीले एयर बस ३३० बाट गौतमबुद्ध विमानस्थलमा कतार एयरवेजले पहिलोपटक व्यावसायिक उडान गरेको बताउनुभयो।



कतार एयरवेजले अब नियमित रुपमा दोहा-भैरहवा-काठमाडौं-दोहा 'रुट'मा एक उडान गर्नेछ।

उक्त विमान कम्पनीले आगामी मङ्सिर १५ गतेसम्म गौतमबुद्ध विमानस्थलमा उडानको अनुमति पाएको नेपाल नागरिक उड्डयन प्राधिकरणले जनाएको छ । कतार एयरसँगै गौतमबुद्ध विमानस्थलमा अन्तर्राष्ट्रिय उडान गर्ने वायुसेवा कम्पनीको संख्या पाँच पुगेको छ। यसअघि उक्त विमानस्थलमा नेपाल एयरलाइन्स, फ्लाई दुबई, थाई एयर एसिया र जजिराले सेवा प्रारम्भ गरिसकेका छन्।रासस

# लुम्बिनी विकास कोषको ७७ करोड ५५ लाख बजेट पारित

लुम्बिनी । लुम्बिनी विकास कोषको परिषद् बैठकले आर्थिक वर्ष २०८१/८२ को बजेट पारित गरेको छ । कोषका अध्यक्ष संस्कृति, पर्यटन तथा नागरिक उड्डयनमन्त्री बद्रीप्रसाद पाण्डेको अध्यक्षतामा बसेको परिषद् बैठकले बजेट पारित गरेको हो । परिषद्ले रु ७७ करोड ५५ लाख ९२ हजारको आयव्यय अनुमानित बजेट पारित गरेको हो।




कोषका कोषाध्यक्ष ढुण्डिराज भट्टराईले प्रस्ताव गर्नुभएको बजेटमा आन्तरिकतर्फ रु ३२ करोड ५५ लाख ९२ हजार र सरकारको अनुदान रु ४५ करोड गरी उक्त आम्दानी खर्चको अनुमान गरेको हो।

कोषका सदस्यसचिव सानुराजा शाक्यले आगामी वर्षको नीति तथा कार्यक्रम प्रस्तुत गर्नुभएको प्रतिवेदन सुझावसहित पारित गरिएको छ।

प्रस्तुत बजेट नीति र कार्यक्रमले आय बढाउन दर्शनार्थीको सत्‍्या बढाउने, दियो बत्तीको सेवालाई थप वृद्धि विस्तार गर्ने, उपहार, दान तथा चन्दा व्यवस्थापन गर्ने, काठ लिलाम बिक्री, पार्किङ, लुम्बिनी प्रवर्द्धनात्मक सामग्री उत्पादन र वितरणमा प्राथमिकता दिएको छ । व्ययतर्फ लुम्बिनी गुरुयोजनाको कार्यान्वयन, युनेस्को विश्व सम्पदा कमिटीका सुझाव कार्यान्वयन, पूर्वाधार निर्माण, तिरौराकोटलाई विश्व सम्पदा सूचीमा सूचीकृत गर्ने र स्थानीय तहसँगका सहकार्य व्यय गर्ने योजना प्राथमकितामा छन्।

बैठकमा मन्त्री पाण्डेले लुम्बिनीको विकास र सुधारमा मन्त्रालय र आफ्नोतर्फबाट पर्याप्त रूपमा सकारात्मक सहयोग रहने प्रतिबद्धता व्यक्त गर्दै भैरहवास्थित गौतमबुद्ध अन्तर्राष्ट्रिय विमानस्थलमा अन्तर्राष्ट्रिय उडान सुरु भएकाले यसबाट लुम्बिनी र त्यस क्षेत्रका पर्यटकीय क्षेत्रले लाभ लिनुपर्ने बताउनुभयो।

बैठकमा संस्कृति, पर्यटन तथा नागरिक उड्डयन राज्यमन्त्री अरुण चौधरीले समयको सदुपयोग गरेर कामलाई तीव्रता दिनुपर्नेमा जोड दिनुभयो । बैठकमा कोषका उपाध्यक्ष डा ल्हारक्याल लामाले लुम्बिनी विकास कोषले अर्थ, परराष्ट्र, गृह र पर्यटन मन्त्रालयबाट यथेष्ट सहयोग नपाएको गुनासो गर्दै उक्त सहयोग र ढोका खुला राख्ने हो भने लुम्बिनी गुरुयोजना कार्यान्वयन सक्न सरकारको अनुदानबिना नै पूरा गर्न सकिने तर नेपालको नीतिमा उदार व्यवस्था हुनुपर्ने बताउनुभयो।

बैठकले लुम्बिनीमा निर्माण गरी राम्रोसँग सञ्चालनमा नआएका बिहार, गुम्बाको अध्ययन गरी तिनको करार प्रक्रिया र अवधिमा पुनःमूल्याङ्कन गर्न अध्ययन कार्यदल बनाउने निर्णयका साथै कर्मचारी सङ्गठनको बदलिँदो आवश्यकताअनुरुप पुनःसंरचना गर्ने निर्णय पनि गरेको छ।रासस

# कञ्चनजंघा क्षेत्रमा पर्यटकको संख्या वृद्धि हुँदा होटल व्यवसाय चलायमान

फुङ्लिङ । पछिल्ला वर्षमा ताप्लेजुङस्थित कञ्चनजङ्घा क्षेत्रमा भ्रमण गर्ने पर्यटकको संख्यामा उल्लेखनीय वृद्धि भएको छ। आठ हजार पाँच सय ८६ मिटरको सो हिमाल विश्वकै तेस्रो अग्लो हो । आन्तरिक तथा बाह्य पर्यटक दुवैको उपस्थितिले यस क्षेत्रको पर्यटन व्यवसायमा नयाँ उचाइ थपेको छ।

वर्षभरि कञ्चनजङ्घा क्षेत्रमा दुई मुख्य पर्यटकीय मौसम छन् । पहिलो याम चैत, वैशाख र जेठमा हुन्छ भने दोस्रो भदौदेखि मङ्सिरसम्म चल्छ । यस वर्षको भदौदेखि सुरु भएको याममा हालसम्म करिब सात सय ५० विदेशी पर्यटक कञ्चनजङ्घा क्षेत्रमा पुगेका कञ्चनजङ्घा संरक्षण क्षेत्र व्यवस्थापन परिषद् घुन्सा जाँचचौकी (चेकपोष्ट) कार्यालयको तथ्याङ्क छ । आन्तरिक पर्यटकको संख्या भने विदेशी पर्यटकको दोब्बर रहेको स्थानीय व्यवसायी बताउँछन्। परिषद्का पर्यटन सहायक टासीतेन्जिङ शेर्पाका अनुसार यसपटकको भ्रमणमा मुख्यतया फ्रान्स, अष्ट्रेलिया, जर्मनी र अमेरिकाजस्ता देशबाट पर्यटक आएका छन् । गत वर्षका तुलनामा यस वर्ष अझ बढी पर्यटक आएका छन्, यसले स्थानीय व्यवसायीलाई पनि उत्साहित बनाएको पर्यटन व्यवसायी पेमा शेर्पाले बताउनुभयो।



कञ्चनजङ्घा भ्रमणमा आन्तरिक पर्यटकको संख्या पनि बढिरहेको छ । दसैंतिहारका समयमा आन्तरिक पर्यटकको ठूलो उपस्थिति देखिएको छ। दसैंतिहारका बेला विशेषगरी स्थानीय र नेपाली पर्यटकले परिवारसहित कञ्चनजङ्घा आधार शिविरको यात्रा गर्दछन्। होटल व्यवसायी सेराप शेर्पाका अनुसार चाडपर्वका बेला आन्तरिक पर्यटकले कञ्चनजङ्घा क्षेत्रका होटल र लज पूर्ण रूपमा भरिएका थिए। सदरमुकाम फुङ्लिङका होटल सञ्चालक विमल भण्डारीका अनुसार गत वर्षको तुलनामा यस वर्ष आन्तरिक तथा बाह्य पर्यटकको आगमनमा २० प्रतिशत वृद्धि भएको छ। उहाँले भन्नुभयो, "कञ्चनजङ्घा भ्रमणका लागि आएका पर्यटकले हाम्रो होटल व्यवसायलाई चलायमान बनाएको छ।"

कञ्चनजङ्घा क्षेत्रमा बढेको पर्यटक आगमनले स्थानीय अर्थतन्त्रमा उल्लेखनीय योगदान पुर्याएको छ । होटल, रेस्टुराँ, ट्रेकिङ गाइड, पोर्टर र हस्तकला व्यवसायमा उल्लेखनीय वृद्धि भएको छ । फुङ्लिङसहित आधार शिविर क्षेत्रमा सञ्चालित होटलमा पर्यटकको बाक्लो उपस्थिति देखिन्छ । स्थानीय पर्यटन व्यवसायीका अनुसार यसपटकको सिजनमा होटलका आम्दानीमा ३० प्रतिशतभन्दा बढी वृद्धि भएको छ ।पर्यटन व्यवसायी फुपुछोहाङ शेर्पाका अनुसार कञ्चनजङ्घा पर्यटक आगमनले ट्रेकिङ गाइड र पोर्टर पनि लाभान्वित भएका छन् । त्यस्तै यातायात व्यवसायीसमेत लाभान्वित भएका छन् । मौसम प्रतिकूल नभएसम्म गाइड र पोर्टरले राम्रो आम्दानी गर्ने अवसर पाउँछन्।

पर्यटन सहायक टासीतेन्जिङ शेर्पाका अनुसार विदेशी पर्यटक प्रायः लामो अवधि बस्ने हुँदा गाइड, पोर्टर र टेन्सनको माग पनि बढेको छ।

कञ्चनजङ्घा क्षेत्रलाई विश्वकै महत्त्वपूर्ण पर्यटकीय गन्तव्य बनाउन विभिन्न संरक्षण तथा प्रवर्द्धन गतिविधि चलाइएको छ। कञ्चनजङ्घा संरक्षण क्षेत्र व्यवस्थापन परिषद्ले स्थानीय समुदाय र व्यवसायीसँग मिलेर पर्यटन प्रवर्द्धनमा काम गरिरहेको छ। स्थानीय व्यवसायी पनि पर्यटकीय पूर्वाधार सुधार गर्न सक्रिय छन्।पर्यटन प्रवर्द्धनका लागि विभिन्न कार्यक्रम आयोजना गरिँदै आएका छन्, जसमा हिमाली पर्वतारोहण मेला, सांस्कृतिक महोत्सव र स्थानीय उत्पादनको प्रदर्शनीजस्ता कार्यक्रम समावेश छन् । यस्ता गतिविधिले पर्यटकलाई आकर्षित गर्ने र स्थानीय उत्पादनलाई प्रवर्द्धन गर्ने लक्ष्य राखिएको छ।

कञ्चनजङ्घा क्षेत्रमा पर्यटक आवतजावत गर्ने मुख्य दुई सिजन भए पनि असार र साउनमा वर्षाका कारण ट्रेकिङ मार्ग अवरुद्ध हुने समस्या रहन्छ। यसबाहेक पुस, माघ र फागुनमा हिमपातले गर्दा ट्रेकिङ मार्ग कठिन बन्छ, जसले गर्दा पर्यटकको आगमनमा कमी आउने गरेको घुन्सा क्षेत्रमा होटल सञ्चालक कान्छा शेर्पाले बताउनुभयो ।कञ्चनजङ्घा क्षेत्रको पर्यटनलाई दिगो बनाउने उद्देश्यका साथ विभिन्न योजना निर्माण भइरहेका छन् । स्थानीय प्रशासन र पर्यटन व्यवसायीको सहकार्यमा पर्यटकीय पूर्वाधार विकास गर्न पहल हुँदै आएको छ। पर्यटन सहायक शेर्पाका अनुसार नयाँ पदमार्गको विकास, सुरक्षित आवास सुविधा र मार्गनिर्देशिका तयार पार्न विशेष योजना बनाइएको छ।

यसका साथै पर्यटकको सुविधाका लागि आधार शिविर क्षेत्रमा वाइफाइ, प्राथमिक उपचार केन्द्र र पर्यावरणमैत्री शौचालयको व्यवस्थापनमा ध्यान दिइएको छ। कञ्चनजङ्घा क्षेत्र नेपालको एक महत्त्वपूर्ण पर्यटकीय सम्पदा हो, जसले आन्तरिक तथा बाह्य दुवै पर्यटकलाई आकर्षित गरिरहेको छ। पछिल्लो समय पर्यटकको संख्यामा भएको वृद्धिले स्थानीय व्यवसायलाई चलायमान बनाएको छभने रोजगारका अवसर पनि बढेका छन् । पछिल्लो समयमा जलवायु परिवर्तन र मौसमको अनिश्चितताले दीर्घकालीन चुनौती सामना गर्नुपर्ने देखिन्छ।रासस

# के जनकपुरवासी अन्धो र पागल छन् ?



हिमांशु चौधरी

केही समय अघिसम्म जानकी मन्दिर परिसरमा जीउभरि भस्म लगाइ हातमा थाली बोक्ने एक मगन्तेले जनकपुरवासी अन्धो र पागल छन् सन्दर्भका करुण भाव सुनाउने गर्थे । उनको भनाइलाई प्रमाणीकरण गर्ने क्रियाकलाप , परिवेशले सघाइ रहेका अध्याय थपिने क्रम रोकिएको छैन । जनकपुरधामको सेरोफेरोका क्रियााकलाप , मनोभाव ,शासकीय छक्का पञ्जा ,राजनीतिक दल , नेतृत्वकर्ता ,सरकारको तात्पर्य पनि उनकै भनाइलाई पाल पोष गरिरहेको छ । न चिन्तन छ , न प्रयत्न छ , दृश्य , अदृश्य प्रभुत्वको शेष मात्र छ ।

भाषणमा इतिहास , आध्यात्म , माता जानकी , राजर्षि जनकको दृष्टान्त प्रस्तुत गर्नुका अतिरिक्त यसको भविष्य , धरोहरको रक्षा , सभ्यता , संस्कृतिको संरक्षणमा नाटकीयता ,घूर्तपनले उदेकलाग्दो अवस्था छ। जनकपुरधामको विकल्पको रुपमा भारत सरकारले पुनौराधाम परियोजना कार्यान्वयन गरी पर्यटकलाई पुनौराधाममै केन्द्रित गर्ने कार्य गरिरहँदा समेत जनकपुरधामका जानकारदेखि साधु सन्त , सरकार , उद्योगी , व्यवसायी , प्राज्ञिक वर्गको मौनता जानकी मन्दिरकै मगन्तेको भावमा सहमति जनाइ रहेको बोध हुन्छ । जनकपुरधाम आउने पर्यटकमध्ये ७० प्रतिशत भारतीय पर्यटक रहेको आध्यात्मिक परिवेशमा यसको विकल्पका रुपमा भारत सरकारले पुनौराधाम विकास परियोजना कार्यान्वयन गरी पुनौराधामलाई विश्व पर्यटन गन्तव्य स्थल प्रमाणीकरण र भारतीय पर्यटकलाई पुनौराधाममै केन्द्रित गर्ने ध्येय देखिन्छ ।

पुनौराधाम माता जानकीको प्राकट्य स्थल रहेको मिथक छ। यसलाई प्रमाणीकरण गर्ने खोज एवं पुरातात्विक आधार नभएको अवस्थामा भारतीय सरकारको यो परियोजनाले भविष्यमा जनकपुरधाम आउने भारतीय पर्यटकको मनोभावलाई परिवर्तन गर्ने र यसको प्रतिकूल प्रभाव जनकपुरधामलाई नै पर्ने सम्भावनालाई नकार्न सकिदैन । जनकपुरधाम बिना भारतको धाम र भगवान राम पनि अधुरो रहने यथार्थताको पृष्ठभूमिमा समृद्ध सांस्कृतिक विविधता अन्तर्गत जनकपुरधाम र भारतबीच सामाजिक , सांस्कृतिक र धार्मिक सम्बन्ध विस्तार , तीर्थाटनको प्रवर्द्धन गर्ने रामायण सर्किटको चर्चा परिचर्चा भइरेको बेला पुनौराधाम विकास परियोजना तीर्थाटन सूत्रको विपरीत परिलक्षित हुन्छ । सन् २०१४मा भारतीय प्रधानमन्त्री नरेन्द्र मोदी नेपाल भ्रमणका क्रममा अयोध्या र जनकपुधामको धार्मिक तथा सांस्कृतिक विकासका लागि गरिएको सम्झौता विपरीत पुनौराधाम विकास परियोजना संस्कृतिको जीवन मार्गलाई कमजोर बनाउने संकेत गरिरहेको छ।

भारतीय सरकार पुनौराधामलाई तिरुपति मन्दिर जस्तो बनाउने लक्ष्यसहित ५० एकड जग्गा अधिग्रहण , अयोध्या-सीतामढी रेल विस्तार योजना कार्यान्वयनतर्फ अग्रसर छ जसको उद्देश्य मिथिलाको संस्कृति तथा धरोहरलाई संरक्षण , प्रवर्द्धन गर्ने उल्लेख गरिएको छ । सार्वजनिक उद्देश्य मिथिला संस्कृतिको संरक्षण र प्रवर्द्धन भनिए पनि रामायणण्कालीन सभ्यता र संस्कृतिको जीवन धारलाई परिवर्तन गर्ने र पुनौराधाममा तीर्थयात्रीको ओइरो लाग्ने सम्भावना जनकपुरधामका लागि चुनौतीको चक्रव्यूह हो । जनकपुरधाम उच्च सभ्यता , ज्ञान विज्ञान , धन्यधान्यको केन्द्र , शास्त्र लेखन , कला , यज्ञ , तप , तत्व चिन्तन र दर्शनमाथि कर्मकाण्ड , विद्वान , विदुषीको सभा , गोष्ठी , शास्त्र चर्चा , प्रश्नोत्तर र शास्त्रका केन्द्रका नामले परिचित छ ।वैदिक बाङ्मय पुराण तथा धार्मिक साहित्यहरुमा जनकपुरधामको अस्तित्व अनादिकालदेखि नै रहेको उल्लेख छ । त्रेता युगमा उत्कर्षमा रहेको मिथिला वा जनकपुरधाम द्वापर युगमा महाभारत युद्धपछि लोप भएर पृष्ठभूमिमा पुगेको र कलियुगमा सोह्रौं शताब्दी पछि जनकपुरधाम पुनः प्रकट भएको मान्यता छ । साधुसन्तको खोजी भइ प्राप्त जनकपुरधामको श्रेय चतुर्भुज गिरी र सुरकिशोर दासलाई दिइन्छ । यिनीहरु आएको समयलाई सत्रौं शताब्दीको अन्ततिरको समय मानिएको छ।

> भारतीय सरकार पुनौराधामलाई तिरुपति मन्दिर जस्तो बनाउने लक्ष्यसहित ५० एकड जग्गा अधिग्रहण , अयोध्या–सीतामढी रेल विस्तार योजना कार्यान्वयनतर्फ अग्रसर छ जसको उद्देश्य मिथिलाको संस्कृति तथा धरोहरलाई संरक्षण , प्रवर्द्धन गर्ने उल्लेख गरिएको छ । सार्वजनिक उद्देश्य मिथिला संस्कृतिको संरक्षण र प्रवर्द्धन भनिए पनि रामायणण्कालीन सभ्यता र संस्कृतिको जीवन धारलाई परिवर्तन गर्ने र पुनौराधाममा तीर्थयात्रीको ओइरो लाग्ने सम्भावना जनकपुरधामका लागि चुनौतीको चक्रव्यूह हो ।

अतीतको गौरवगाथा बोकेको मिथिला , जनकपुरधाम अति प्राचीन रहेको छ । यसको प्राचीनता उजागर गर्ने स्रोतहरुमा वेद , उपनिषद् लगायतका ग्रन्थहरु भएको अवस्थामा जनकपुरधामको गौरवगाथा, , दुई महान संस्कृतिको मिलन स्थलको अस्तित्वलाई औचित्यहीन गर्ने ध्येय समृद्ध सांस्कृतिक विविधतामाथि नै शंकाको मार्ग प्रशस्त गरिरहेको छ ।भारत सरकारले पुनौराधामलाई भगवान राम र सीताको जीवनसँग परिभाषित गरी पर्यटकको ध्यान केन्द्रित गर्ने प्रयास गरिरहेको बेलामा पनि जनकपुरधामका जानकी मन्दिर महन्त ,साधुसन्त एवं कतिपय स्रष्टा , कलाकारले पुनौराधामलाई नै जानकी जन्म स्थल भनि अभिव्यक्ति , भक्तिभाव प्रदर्शनले आगामी दिन जनकपुरधाममा भारतीय पर्यटकको ओइरोमा दुर्भाग्यपूर्ण शब्दाबली प्रयोगको रुपरेखा तयारको संकेत मान्न सकिन्छ । जनक सत्य हो भने यो जनकपुरधाम पनि हो , जनकपुरधाम शब्दले राजर्षि जनकको निवास स्थललाई नै बोध गराउँछ तर वर्तमानको जनकपुर राजर्षि जनकको निवास स्थल हो कि अन्य स्थानमा रहेको खोजको विषय हो । यद्यपि । रामचरितमानसमा जनकपुरको प्रसंगसँग सम्बन्धित प्रत्यक्ष, अप्रत्यक्ष रुपमा १३३ वटा दोहा पनि रहेका छन् । खोज , अनुसन्धान को अभाव सरकारको उदासीनताका कारण पनि भारतीय सरकारले नेपालका कतिपय धार्मिक तीर्थस्थललाई भारतमा भएको प्रमाणित गर्ने इतिहास पनि साक्षी छ । तिलोराकोट , लुम्बिनीलाई भारतमै भएको प्रमाणित गर्न कृत्रिम संरचना निर्माण गरेको रहस्य , षडयन्त्र सम्भवत कसैबाट लुकेको छैन । यति मात्र होइन बोधगयालाई बौद्धको जीवन क्रमसँग सम्बन्धित भनि विश्वका पर्यटकलाई तान्न सफल भएको प्रसंग पनि मनन योग्य छ।

जनकपुरधामको पौराणिक महत्व र आस्थाकै कारण टिकमगढकी महारानी वृषभानुले जानकी मन्दिर निर्माण गराएकोप्रति भारतीय पक्षबाट यसलाई छायामा पार्ने योजना जनकवासी, प्रदेश समग्रमा नेपालकै लागि चुनौतीको विषय हनुपर्ने हो तर विनाशको चिन्ता भन्दा पनि भक्तिभाव प्रदर्शनले भविष्यमा पर्ने बाधाव्यवधानलाई टार्न सकिदैन । यसको आलोचना , समालोचना पनि विनाश गर्नेहरुबाटै हुनुपर्छ । विनाश गर्नेहरुले पनि यसको दूरगामी प्रभावबारे सोच्नै पर्छ । विनाश गर्ने अनि सीता बिना राम अधुरो , बेटीरोटीको सम्बन्ध जस्ता भावनात्मक शब्दलाई प्रवचन शैली बनाउने प्रवृत्ति जनकपुरधामका लागि कदापि श्रेयस्कर होइन । वृषभानु कुँवरी , माणिक सेन,अमर सिंह , हेमकर्ण सेन जस्ता दानवीरहरुको नाम पनि धूमिल हुने अवस्थाप्रति किन विश्लेषण गर्देनौं ? मकवानपुरका राजा माणिक सेनले जानकी मठका महन्त राम दासलाई ई. १७२६मा , सुजागत सेन कुआ ( रामपुर )का महन्त शीतल गिरीलाई १७४० तथा हेमकर्ण सेनले पनि गिरीलाई ई. १७५३मा जग्गा दान दिएको अभिलेख छ । यस्तै राजा रणबहादुर शाले जग्गा प्रदान गरी हनुमान नगर मठको स्थापना गरेका थिए । ई १८०७ मा काजी अमर सिंह थापाले राजा गीर्वाणयुद्ध विक्रम शाहको तर्फबाट हनुमान मठ र राम मठका महन्तलाई जग्गा उपलब्ध गराएको प्रमाण छ।

माता जानकीको प्राकट्य स्थल पुनौराधाम नै भएको प्रमाणको अभाव छ । मिथक बमोजिम परिकल्पना गरी पुनौरा गाँवलाई जानकीको प्राकट्य स्थल साबित गर्ने अभियान सञ्चालनमा छ । जनकपुरको विकल्पमा पुनौरालाई उभ्याउन खोजे पनि जनकपुरधाम बारे रामायणमा उल्लेख भएका स्थान विद्यमान रहेकाले जनकपुरको विकल्पबारेको परिकल्पना भ्रम मात्र हो । रामायणमा उल्लेख भएका स्थलहरु जनकपुरधामकै सेरोफेरोमा बिसौल , गिरिजा स्थान (फूलहर) लगायतका स्थल छन् तर पनि आधुनिकताको नाममा जनकपुरधाममाथि ज्यादतिको दुर्दान्त अवस्था सोचनीय छ । विवाह पञ्चमीमा अयोध्या र जनकपुरको चर्चा शीर्षमा हुन्छ तर अयोध्यामा रामको मूर्ति निर्माणका लागि पठाइएको शीलालाई औचित्यहीन बनाइएको छ । मठमन्दिरका सम्पति छिन्नभिन्न छन् । कुनै लेखाजोखा छैन । राजदेवी मन्दिरमा दशैका बेला हुने गरेको गतिविधिले हाम्रा अगाडिका पुस्तालाई विसंगतिमुलक बाटोतर्फ अग्रसरका लागि तछाडमछाड गरिरहेका छौं । बलिका लागि ल्याइएका बोका व्यवस्थापकहरुले चोर्ने गर्छन , बलि प्रदान पछि रक्तरञ्जित लुगामा हतियारसहित झिझिया नृत्य गर्छन , बलि बापतको रकम लिइ छिन्नमस्ता , मनोकामना लगायतका स्थलमा हिसाब मिलान गर्छन , महिलाहरुको गहना चोर्ने गर्छन , व्यवस्थापक नै निशा पूजा गर्न खोज्छन् , राजदेवी मन्दिरको साँघुरोपनको बेवास्ता गर्दै जनकपुरधामको सभ्यता , संस्कृति विपरीतका सांस्कृतिक गतिविधि गर्छन । तापनि हामी सचेत छैनौं । यतिसम्म कि त्यहाँ हुने गरेको संस्कृत विषयको पढाइलाई विस्थापित गराइएको छ।

सचेतनाको अभावमा कपिलवस्तुमा तिलोराकोट लेखिएको बोर्डमा स्थानीयले गोबरले पोते झैं जानकी मन्दिरमा महन्तको सहयोगीको विवाद अदालतसम्म पुग्छन् ,विद्युतिकरण एवं सौन्दर्यकरणका नाममा जानकी मन्दिरमा प्वाल गरी संरचना कमजोरका साथै मार्बलले आँखा दुख्ने र खुट्टा पोल्ने , जग्गाहरु बिक्री , प्रतिकूल प्रभाव पार्ने संरचना निर्माण , आध्यात्मिक वातावरणको अभाव , मठाधीशहरुमा अध्ययनशीलताको कमी , अधिकांश मन्दिर गृहस्थ आश्रममा परिणत , मठाधीशहरुद्वारा नै नैतिकहीन क्रियाकलाप ,विकल्पमा पुनौराधामको प्रसंगमा चर्चाले यसको अस्तित्वमाथि प्रश्न चिन्ह खडा भएको छ। सम्भवतः यी अवस्थाले नै गर्दा मगन्तेले जनकपुरधामवासीलाई अन्धो र पागल भनेका होलान । मगन्तको अनुभूति एवं भनाइमा व्यक्तिगत पीडा पनि सन्निहित हुनसक्छ तर हाम्रो भनाइ , गराइ पनि मगन्तेभन्दा पृथक छैन। संसारमा सबैभन्दा खतरनाक मान्छे जानेर पनि अज्ञानता व्यक्त गर्ने हुन्छ केलेन केलरको भनाइ अनुरुप हामी चरित्र प्रदर्शन गरिरहेका छौं , ज्ञान पछि पनि अज्ञान बन्नु घातक र दरिद्र मानसिकता हो ,कोपभाजनमा पर्ने सम्भाव्यता हो , सस्कृति , सभ्यता , भाषा , पहिरन , सस्कारलाई मनोगत व्याख्या गर्ने उपेक्षाको मनोविज्ञान हो । अतः अन्धो र पागल भनाइको समस्याबाट टाढिने बानीलाई त्याग गरी छायामुक्त , सचेत भएमा समस्याको अन्त्यको प्रारम्भ सिद्ध हुनसक्छ , मगन्तेको भनाइ अनर्गल , अर्थहीन साबित हुनसक्छ।



## नगराईन विवादः
# मेयर–उपमेयरबीच दुई बुँदे सहमति

टुडे समाचारदाता




जनकपुरधाम । लामो सयमदेखि ठप्प रहेको धनुषाको नगराईन नगरपालिका सञ्चालनमा आउने भएको छ । धनुषाको नगराईन नगरपालिकामा लामो समयदेखि मेयर र उपमेयरका कारण उत्पन्न समस्याको समाधानका लागि मंगलबार भएको सर्वपक्षीय बैठकबाट दुई बुँदे सहमति भएपछि बुधबारदेखि पालिकाको कामकारबाही हुने भएको छ।

नगराईन अगुवा युवा समूहको अगुवाईमा नगराईन नगरपालिकाका मेयर, उपमेयर, राजनीतिक दलका प्रतिनिधि, नागरिक समाजको उपस्थितिमा भएको सर्वपक्षीय बैठकबाट स्थानीय तह सरकार सञ्चालन सम्बन्धी ऐन २०७४ अनुसार नगरपालिका सञ्चालन गर्ने र आगामी मंसिर ५ गते बुधबारको दिन नगरसभा अनिवार्य रुपमा गर्ने सहमति भएको छ।

सर्वपक्षीय बैठकमा मेयर विनयकुमार यादवले स्थानीय सरकार सञ्चालन ऐन २०७६ खारेज गरी स्थानीय तह सरकार सञ्चालन सम्बन्धी ऐन २०७४ लागू गर्ने प्रतिवद्धता जनाएसंगै एमालेबाट निर्वाचित जनप्रतिनिधिहरुले गर्दै आएको आन्दोलन मत्थर भएको छ।

सो ऐन खारेज गरी संघीय सरकारको स्थानीय तह सरकार सञ्चालन ऐन २०७४ लागू गर्ने र यसै सातामा नगरसभा गर्ने सहमति आफूहरुले गर्दै भएसंगै सम्पूर्ण आन्दोलन स्थगित गरिएको उपमेयर राधादेवी यादवले जनाइन्।

गतवर्ष मेयर विनय कुमार यादवसंग स्थानीय तहको बजेट सञ्चालनमा आफूलाई पनि अधिकार दिइएपछि लिखित रुपमा बजेट सम्बन्धी अधिकारबारे कार्यविधि संशोधन गर्न नमानेपछि आफूहरु केही महिनादेखि आन्दोलित रहेको बताउँदै उपमेयर राधादेवी यादवले मेयरले स्थानीय सरकार सञ्चालन ऐन २०७४ लागू गर्ने सर्वपक्षीय बैठकमा प्रतिवद्धतासंगै लिखित सम्झौता गरेपछि आफूहरुले आन्दोलनबाट पछि हटेको बताइन्।

उनले पालिकाको सम्पूर्ण कामकाज सञ्चालनमा ल्याउनका लागि नगरसभा अघि शिक्षक, स्वास्थ्यकर्मी र कर्मचारीसमेत आन्दोलनमा रहेकाले उनीहरुसंग समेत बुधबार बैठक बसेर कार्यालयको सम्पूर्ण कामकाज सञ्चालनमा ल्याइने बताइन्।

आगामी मंसिर ५ गते आर्थिक वर्ष २०८०/०८२ को नगरसभा अनिवार्य गर्ने सहमति भएको नगराईन अगुवा युवा समूहका संयोजक आदर्श मण्डलले बताए।

पाँच महिनादेखि नगराईन नगरपालिकामा बजेट सञ्चालनका लागि अधिकार पाउनुपर्ने भन्दै उपमेयर राधादेवी यादवले आन्दोलन गर्दै पालिकाको सम्पूर्ण कामकाज ठप्प पारेको थियो। पालिकाको सम्पूर्ण कामकाज ठप्प हुँदा शिक्षा, स्वास्थ्य र ज्येष्ठ नागरिकलाई सेवासुविधामा समेत प्रत्यक्ष असर परेको थियो।

सो समस्याहरुलाई मध्यनजर गर्दै स्थानीय युवाहरुको एक समूहले पालिकाको समस्या समाधानका लागि सबै पक्षलाई दबाब सृजना गर्दै विद्यालयमा पठनपाठन सुचारु,स्वास्थ्य सेवा सुचारु र सामाजिक सुरक्षा भत्ता तत्काल उपलब्ध गराउनुपर्ने भन्दै मेयर र उपमेयरलगायत जनप्रतिनिधिहरुलाई दबाब दिँदै आएको थियो।

सोको निश्कर्ष स्वरुप बसेको सर्वपक्षीय बैठकबाट समस्या समाधान गर्ने निर्णय भएको समूहका संयोजक मण्डलले बताए।









जनकपुर टुडे मिडिया ग्रुप प्रा.लि.द्वारा प्रकाशित प्रधान सम्पादक : बृजकुमार यादव, ठेगाना : जनकपुरधाम, फोन नं. ०४१-५९११०१, E-mail : jtodaynews@gmail.com, jtodayad@gmail.com, Website : www.ejanakpurtoday.com, जि.प्र.का.ध.द.नं. ९१/०५७/५८